जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३०१ • २०८१ साल चैत १६ गते शनिबार (29 March, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

# काठमाण्डुमा हिंसात्मक प्रदर्शन, कयौँ घाइते, दर्जन सवारीसाधनमा आगजनी, निजी घरमा आक्रमण, लुटपाट

## समाजवादी मोर्चाद्वारा राजावादीको गतिविधिलाई अराजकताको संज्ञा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजावादीहरुको काठमाण्डुस्थित तीनकुनेमा भएको प्रदर्शनलाई मण्डले अराजकताहरुको सभाको संज्ञा दिएका छन् ।

काठमाण्डुमा शुक्रबार समाजवादी मोर्चाले आयोजना गरेको खबरदारी सभामा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले आफूहरुले राखेको सभाकै दिन प्रतिगामी राजावादीहरुले पनि सभा राखेको बताए ।



अध्यक्ष प्रचण्डले भने, 'हामीले चैत १५ गते प्रदर्शन र सभा गर्ने घोषणा गरेका थियौँ । हामीले घोषणा गरेपछि राजावादीहरुले पनि आजकै दिन राखे । उत्तेजित र आतंकित पार्ने मनसाय दिएको थियो । तर, मैले आज यहाँ बोल्दै गर्दा मैले सुरक्षा निकायसँग लगातार बुझिराखेको छु । बाह्र वर्ष ढुंग्रामा हाले पनि कुकुरको पुच्छर बाँगै भनेको जस्तो त्यहाँको सभा मण्डले अराजकताको पराकाष्ठा भएको छ । त्यहाँ घरमा आगो लगाएका छन्, पुलिसमाथि ढुंगा प्रहार गरेका छन्, मण्डलेहरुले । उनीहरुले केही मान्छे मरुन्, देशैभरी आतंक मच्चियोस् भन्ने चाहेका छन्, त्यो राजावादीहरुको चरित्र हो ।'

उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजनीतिक दलहरुको उदारतालाई कमजोरी ठानेर इतिहासलाई पछाडि फर्काउने दुस्साहस नगर्न चेतावनीसमेत दिए । विगतमा गरेको परिणाम अहिले भोगिरहेको भन्दै अब पनि गल्ती दोहोर्‍याए भोग्न बाँकी केही नरहने उनले बताए ।

त्यस्तै नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले मुलुक पछाडि फर्किन नसक्ने बताए । उनले जनतालाई लुट्न र चुस्न कसैले प्रयत्न गर्छ भने त्यसलाई सफल हुन नदिने बताए । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले २०७७ सालमा प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि गरेको स्मरण गरे । उनले आफूहरुले गरेको कार्यक्रम नेपालको राजनीतिमा एउटा कास्टिङ मात्रै भएको बताए । उनले प्रतिगामी शक्तिहरु होसियार रहन चेतावनी दिए ।

यता समाजवादी मोर्चाले राजावादीको गतिविधिलाई अराजकताको संज्ञा दिएको छ ।

प्रदर्शनका क्रममा राजावादीबाट उच्छृंखल गतिविधि भएको भन्दै समाजवादी मोर्चाले विज्ञप्ति निकालेर राजावादीको गतिविधिलाई अराजकताको संज्ञा दिएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समावादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले संयुक्तरुपमा विज्ञप्ति निकालेका छन् । उनीहरुले राजावादीको गतिविधिमा संलग्नलाई कारबाही गर्न माग गरेका छन् ।

## राजावादीहरुले घरसहित पत्रकार जलाए, एकको मृत्यु, कर्फ्यु लागु, सेना सडकमा

**टुडे समाचारदाता**

काठमाण्डु । राजावादीहरुको प्रदर्शन हिंसात्मक बनेपछि जनधनको भारी क्षति भएको छ । सरकारले प्रदर्शनका लागि निर्धारित गरेको क्षेत्र भन्दा बाहिर गएर प्रदर्शन गर्दा प्रहरीसित झडप भएको थियो ।

पूर्व घोषित कार्यक्रम अनुसार राजावादीहरुले शुक्रबार कोटेश्वर तीनकुनेमा गरेको प्रदर्शन हिंसात्मक हुँदा भारी क्षति भएको छ । समाचार संकलनको क्रममा सिसा फुटाइएको घरबाट रिर्पोटिंग गरिरहेका एभीन्यूज टीभीका फोटो पत्रकार सुरेश रजकको मृत्यु भएको पुष्टि गरिएको छ ।

राजावादीहरुले निशाना बनाएको सो घरमा आगो लगाएपछि पत्रकार रजक बाहिर निस्कन सकेनन् । उनको घरमै मृत्युभएको र शव फेला परेको एभिन्यूज टीभीले जनाएको छ ।



प्रदर्शनकारी र प्रहरीबीच समान्य झडप भइरहेको बेला राजावादी आन्दोलनका कमाण्डर भनिएका दुर्गा प्रसाईंले आफै मोटर चलाएर प्रहरीको घेरा तोड्दै तीनकुनेबाट बानेश्वर तर्फ बढ्न खोज्दा स्थिति हिंसात्मक बनेको प्रत्यक्षदर्शीहरुले जनाएका छन् ।

प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रण गर्न अन्धाधुन्ध अश्रुग्यास प्रहार गर्न थालेपछि तितरवितर भएका राजावादीहरुले तोडफोड, आगजनी र लुटपाटमा उत्रेका थिए । सर्वाधिक क्षति तीनकुने र कोटेश्वर क्षेत्रमा भएको छ । जडीबुटी कम्पनीमा प्रदर्शनकारीहरुले लगाएको आगो अबेर रातिसम्म निभेको छैन । आगोको कारण विमानस्थल केही घण्टा बन्द भएको थियो । जनकपुरधामबाट आएको विमान अवतरण गर्न नसक्दा फेरि फर्केको थियो ।

स्थितिलाई नियन्त्रण गर्न स्थानीय प्रशासनले राति १० बजेसम्म कर्फ्यु लगाएको छ । पहिलो दिनको मोर्चामा प्रहरीले स्थिति नियन्त्रणमा लिन नसकेपछि सरकारले सेना परिचालन गरेको छ । तीनकुने र कोटेश्वर क्षेत्रमा सेनाले सडकमा गस्ती गरिरहेको छ ।

प्रहरीको गोली लागेर घाइते भएका कीर्तिपुरका २९ वर्षीय सविन महर्जनको अस्पताल लग्ने क्रममा मृत्यु भएको छ । प्रदर्शनकारीहरुले कान्तिपुर, अन्नपूर्ण पोष्टलगायतका सञ्चारगृहमा तोडफोड र आगजनीको प्रयास गरेका थिए । उनीहरुले सञ्चारकर्मीहरुलाई धक्कमधुक्का गर्ने र उपकरणहरु खोस्ने प्रयाससमेत गरेको बताइएको छ ।

सरकारले हिंसात्मक गतिविधि गर्ने मुख्य दुर्गा प्रसाईंलाई कारबाही गर्ने बताएको छ । स्रोतहरुका अनुसार प्रसाईंलाई पक्राउ गर्ने तयारी समेत गरिएको छ ।

राजावादीको जुलुसको सुरक्षार्थ खटेका १५ जना सुरक्षाकर्मी घाइते भएको गृह मन्त्रालयले पुष्टि गरेको छ । आन्दोलनकारी तर्फ संख्या यकिन नभए पनि थुप्रै प्रदर्शनकारी घाइते भएको अनुमान गरिएको छ । प्रहरी र प्रदर्शनकारीबीच निकै बेर झडप भएको थियो ।






# शीर्ष १० मा पुग्नेलाई रु तीन लाख पुरस्कार



काठमाण्डु । नृत्य प्रतियोगिता 'मेरो डान्स युनिभर्स' र गायक प्रतियोगिता 'मेरो भ्वाइस युनिभर्स' को शीर्ष १० मा पुग्ने हरेक प्रतिस्पर्धीले जनही रु तीन लाख पुरस्कार पाउनेभएका छन् ।

नेपाली संस्कृतिलाई पुस्तान्तरण गर्ने उद्देश्यका साथ सुरू गरिएको दुई प्रतियोगिताका आयोजक इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले अन्तिम प्रतिस्पर्धा हुने दुवै कार्यक्रमका प्रतियोगिलाई सम्मानस्वरूप उक्त पुरस्कार दिइने घोषणा गर्नुभएको हो ।

उहाँले भन्नुभयो, "आफ्नो माटोको सुगन्धसहितको मौलिक संस्कृतिलाई भावी पुस्तामा पुऱ्याउने अभियानले नेपालीको सांस्कृतिक राष्ट्रवाद अझ मजवुत बनाएको छ । नेपाली जातिको पहिचान अझ सशक्त बनाउन र संस्कृतिका माध्यमबाट नेपाली जातिलाई एकताबद्ध बनाउन गायन र नृत्यका कार्यक्रम गरिरहेका छौं ।"

उहाँले नेपाली संस्कृतिका प्रतिभा जन्माउने र उनीहरुलाई प्रशिक्षित गरी तिखार्ने अभियानमा लाग्नु हुने सम्पूर्ण प्रशिक्षकमा अभार व्यक्त गर्दै यसमा राज्यले निरन्तर साथ दिनुपर्ने धारणा राख्नुभयो । विश्वभरका अडिसनबाट गायनमा १२० र नृत्यमा १२० छनोट गरेर अन्तिम प्रतिस्पर्धा काठमाडौँमा गराइने छ । यी कार्यक्रमले विश्वभरका नेपाली जातिका प्रतिभालाई एक ठाउँमा ल्याउने उद्देश्य राखेको छ ।

अमेरिका, बेलायत, पोर्चुगल, अष्ट्रेलिया, जापान, हङ्गकङ्ग, थाइल्याण्ड, दुवाई, कतार, सिलगुडी, मुम्बई, पोखरा, नेपालगञ्ज, विर्तामोडलगायतका ठाउँमा अडिसन सम्पन्न भइसकेको र काठमाडौँमा चैत १६ र १७ मा हुने आयोजकले जानकारी दिएको छ ।

दुवै प्रतियोगिताका विजेताले एक/एक करोड पुरस्कार पाउने छन् भने उपविजेताले २५ लाख तथा तृतीय हुनेले १० लाख पुरस्कार पाउने छन् । यसबाहेक समूह नृत्य प्रतिस्पर्धाका विजेताले २० लाख, उपविजेताले १० लाख र तृतीय हुनेले पाँच लाख पाउने जानकारी पनि कार्यक्रममा दिइएको थियो ।

> आफ्नो जीवनीमा आधारित चलचित्र " अञ्जिला" को प्रदर्शनको अवसर पारेर दर्शकसँग भेटघाट गर्न नेपाल आएको उहाँले जानकारी दिनुभयो ।

### कप्तान सुब्बा नेपालमा

नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बा नेपाल आउनुभएको छ । आफ्नो जीवनीमा आधारित चलचित्र 'अञ्जिला' को प्रदर्शनको अवसर पारेर दर्शकसँग भेटघाट गर्न नेपाल आएको उहाँले जानकारी दिनुभयो ।

ग्रिसमा व्यावसायिक फुटवल खेलिरहनुभएकी कप्तान आज बिहान १० बजे कतार एयरवेजको विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नुभएको हो । उहाँले भन्नुभयो, "दर्शकको माया देखेर म नेपाल नआई रहन सकिन् । मेरो जीवनले केहीलाई पनि प्रेरित गर्यो भने चलचित्र बनाएको सफल हुन्छ भन्ने जस्तो लाग्छ । यो चलचित्रले सङ्घर्षले सफलताको महत्व बुझाउन मदत गर्छ ।"

उहाँले आमाको मेहनत, सङ्घर्ष र विश्वासले आफूले सफलता हासिल गर्न सफल भएको र चलचित्रका निर्देशक मिलन चाम्स, निर्माता प्रेमकुमार श्रेष्ठकै हौसलाले आफू अभिनय पनि गर्न सफल भएको बताउनुभयो ।

"मेरो भूमिका भए पनि म अभिनय गर्न तयार छु भन्ने विश्वास निर्देशकसहितको टिमले दिनुभयो । यो मेरा लागि पनि नयाँ अनुभव रह्यो, निकै खुसी छु", उहाँले भन्नुभयो ।

नेपाल बसाइँको क्रममा उहाँले शुक्रबार र शनिबार काठमाडौँ र आइतबार मोफसलका दर्शकसँग साक्षात्कार गर्ने जानकारी निर्देशक चाम्सले दिनुभयो । रासस

# हिंसात्मक गतिविधि बन्द गर्न आयोगको आग्रह





काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले आन्दोलनरत पक्षलाई हिंसात्मक गतिविधि बन्द गर्न आग्रह गरेको छ। आयोगका प्रवक्ता डा टिकाराम पोखरेलले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा आन्दोलरत पक्षलाई आफ्ना प्रदर्शन र कार्यक्रमलाई शान्तिपूर्ण बनाउन आग्रह गर्दै हिंसात्मक गतिविधि बन्द गर्न अनुरोध गर्नुभएको हो ।

उहाँले कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न नसकिने भन्दै सरकारलाई हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याइ कारबाही गर्न आग्रह गरेको छ ।

"समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र सङ्गठनहरुले शुक्रबार चैत १५ गते उपत्यकामा गरेको प्रदर्शन र आमसभाको आयोगले चार वटा उच्चस्तरीय टोलीहरू बनाइ अनुगमन गरेको थियो", उहाँले भन्नुभएको छ, "काठमाडौँको तीनकुनेमा राजतन्त्र समर्थकद्वारा भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन पुगेको अनुगमनबाट पाइएको छ ।"

आयोगले अनुगमन गर्दा प्रदर्शनकारी तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँवानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गा प्रहार गरेको, व्यक्तिको घरमा ढुङ्गा हान्ने र आगजनी गर्ने काम गरेको पाइएको जनाइएको छ ।

आयोगले झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका छन् । प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन, तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेका दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुङ्गा प्रहार गरेका आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता डा पोखरेलले अनुगमनका क्रममा हिँडेको आयोगको अनुगमन टोलीमाथि प्रदर्शनकारीबाट कोटेश्वरमा साङ्घातिक आक्रमण गरी अनुगमन टोलीमा संलग्न कर्मचारीलाई घाइते बनाएका बताउनुभयो । "प्रहरीले भीड नियन्त्रण गर्न पानीका फोहराको प्रयोग र हवाइ फायर गरेको तथा व्यक्तिको निजी आवास प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको देखिएको छ," उहाँले भन्नुभएको छ ।रासस

# तरकारी बजारमा पसल जल्यो



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिका-४ स्थित तरकारी बजारमा शुक्रबार आगो लाग्दा सात पसलमा जलेर नष्ट भएको छ ।

आगलागीबाट स्थानीय व्यापारीको घरमा क्षति पुगेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ । आलगीबाट गरुडा-८ स्थित जिगडियाका शेख कमाउद्दिनले सञ्चालन गरेको मासु पसल, जयमंगल चौधरीको फुसको खाजा पसल, राजेन्द्र साहको पसल, सुजितकुमार चौधरीको खाजा पसल, नेवालाल चौरसियाको किराना पसल, कृष्ण दासको कपडा पसल र कटहरिया-९ डुमरियाका सत्येन्द्र ठाकुरको फलामको पसलमा आगो लागेको डीएसपी राजन कार्कीले बताए ।

सो घटनामा १३ लाख २० हजार रुपैयाँ मूल्य बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ । आगो निभाउन इलाका प्रहरी गरुडाको टोली खटिएको थियो । पसलमा राखिएको ग्यास सिलिन्डर विस्फोट भएपछि आगलागी भएको थियो । स्थानीय र वारुणयन्त्रको मद्दतले झन्डै डेढ घन्टामा आगो नियन्त्रण लिन सकेको थियो ।

# नाटक "आतुरकाल" जापानमा मञ्चन गरिँदै

काठमाण्डु । इन्द्रेणी थिएटर पोखराको प्रस्तुति तथा निर्देशक केदारनाथ पौडेलद्वारा लिखित, निर्देशित नाटक 'आतुरकाल' जापानमा मञ्चन गरिने भएको छ ।

आगामी अप्रिल १२ र १३ मा इटाबासीस्थित भूमिगत थिएटर नाटकघरमा र अप्रिल १४ मा टोकियोको नाकानो जेरो हलमा नाटक मञ्चन गर्न लागिएको हो । नाटकमा नेपाली समाजको पीडा, सङ्घर्ष, विस्थापन, वर्गसङ्घर्ष तथा युद्धका त्रासदीपूर्ण क्षणहरूको मनोवैज्ञानिक चित्रण गरिएको छ ।

जीवनका विभिन्न क्षणहरूमा पात्रले भोगेका दुःख, विछोड, सपना, समाजको विभेद तथा निरन्तर आइरहने नियतिको खेललाई नाटकले सशक्त रूपमा प्रस्तुत गरेको छ । नाटकका प्रमुख कलाकार किरण चापागाईले अत्यन्त गहकिलो अभिनय प्रस्तुत गर्नुभएको छ ।

नेपाली रङ्गमञ्चका प्रतिभाशाली कलाकार चापागाईले युरोप, अमेरिका, क्यानडाजस्ता मुलुकमा नाट्यकला अध्ययन गर्नुभएको छ । उहाँले 'अनुत्तर' जस्ता नाटकमा एकल अभिनय प्रस्तुत गर्दै देश, जीवन र भविष्यसँग जुधिरहेका पात्रहरूको कथा उजागर गर्नुभएको छ ।



यसअघि 'आतुरकाल' नाटक पोखरा थिएटरमा सन् २०२१ को फेब्रुअरी २२ देखि ३२ सम्म तथा रसियन हाउस, काठमाडौँमा २०२३ सेप्टेम्बर ७ देखि ९ सम्म मञ्चन भएको थियो ।

प्रत्येक मञ्चनमा दर्शकहरूबाट प्रशंसा पाएको यस नाटकको मूल कथावस्तु एउटा वृद्ध (किरण चापागाई) पात्रको स्मृतिहरू वरिपरि घुमेको छ । जीवनका उत्तरार्धमा जब स्मृतिहरूले तड्पाउन थाल्छन्, तब उनले विगतको सम्झनामा बाँच्नुपर्ने बाध्यता महसुस गर्छन् । नाटकले बाल्यकालका सुखका क्षणदेखि पारिवारिक विछोड, सामाजिक विभेद, विस्थापन, सङ्घर्ष र अन्ततः वृद्धावस्थाको एक्लोपनलाई मार्मिक रूपमा उजागर गरेको छ ।

यसअघि जापानमा केदारनाथ पौडेल निर्देशित 'भ्रुण' नाटक मञ्चन गरिएको थियो । जापानमा हुने यो नयाँ प्रदर्शनसँगै नेपाली नाटकले अन्तरराष्ट्रिय मञ्चमा अझ गहिरो छाप छोड्ने अपेक्षा गरिएको छ । यो नाटकले नेपाली प्रवासी दर्शकसहित जापानी रङ्गमञ्चप्रेमीलाई पनि लोभ्याउने विश्वास गरिएको छ ।

इन्द्रेणी थिएटर पोखरामा आधारित एक प्रतिष्ठित नाट्य संस्था हो, जसले नेपाली समाजका विविध पक्ष उजागर गर्ने मौलिक नाटकहरू मञ्चन गर्दै आएको छ । यस थिएटरको छैटौं प्रस्तुति 'सपना डिलक्स कोच' हो, जसमा पोखराबाट काठमाडौँ जाने यात्रुवाहक बसमा हुने विभिन्न घटनाक्रमलाई समेटिएको छ ।

केदारनाथ पौडेल इन्द्रेणी थिएटरका अध्यक्ष तथा प्रतिष्ठित नाटककार हुनुहुन्छ । उहाँका अन्य नाटकहरूमा 'घेरो', 'धनीरामको गोरु', 'आतुरकाल', 'भ्रुण' र 'बाटो' रहेका छन् । यी नाटकहरूले नेपाली समाजका विविध विषयवस्तुलाई मञ्चमा उतारेका छन् ।रासस

# स्थापना दिवसका अवसरमा निःशुल्क स्वास्थ्य परीक्षण गरिने

काठमाण्डु । नेपाल पत्रकार महासङ्घको ७०औँ स्थापना दिवसका अवसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिने भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा शिविर महासङ्घको केन्द्रीय कार्यालयमा नसर्ने रोग तथा महिलाको पाठेघरको मुखको स्क्रिनिङ कार्यक्रम सञ्चालन पनि गरिनेछ ।

स्वास्थ्य शिविर आगामी शनिबार बिहान ९ बजेदेखि १ बजेसम्म महासङ्घको केन्द्रीय कार्यालयमा हुनेछ । शिविरमा बिएमआइ (बडी मास इन्डेक्स), उच्च रक्तचाप मापन, मधुमेह जाँच, मिर्गौलासम्बन्धी जाँच, पाठेघरको मुखको स्क्रिनिङलगायत परीक्षण हुनेछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले स्थापना दिवसका अवसरमा महासङ्घसँग सहकार्य गर्दै केन्द्र र उपत्यका बाहिरका जिल्लामा नसर्ने रोग तथा महिलाको पाठेघरको मुखको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिने जानकारी गराउनुभयो ।रासस

# हिंसात्मक झडपमा परी एकको मृत्यु, ३५ घाइते : गृह मन्त्रालय

काठमाण्डु । पूर्वराजाका सर्मथकहरूले शुक्रबार काठमाडौँको तीनकुने क्षेत्रमा गरेको हिंसाक प्रदर्शनका क्रममा भएको झडपमा एक जनाको मृत्यु र ३५ जना घाइते भएका छन् ।

गृह मन्त्रालयद्वारा आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका सहसचिव छवि रिजालले प्रदर्शनका क्रममा भएको झडपमा घाइते भएका कीर्तिपुरका २९ वर्षीय सविन महर्जनको मृत्यु भएको जानकारी दिनुभयो ।



"झडपमा घाइते भएका महर्जनको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो", सहसचिव रिजालले भन्नुभयो, "काठमाडौँका विभिन्न स्थानमा भएको प्रदर्शनका क्रममा ३५ जना घाइते भएका छन् ।"

गृह मन्त्रालयका अनुसार प्रदर्शनकारीतर्फ २३, सशस्त्र प्रहरीतर्फ नौ र नेपाल प्रहरीतर्फ तीन जना घाइते भएका छन् ।

आन्दोलनका प्रमुख दुर्गा प्रसाईंलाई कारबाहीको दायरामा ल्याउनुका साथै शुक्रबारको आन्दोलनबाट भएको क्षतिको जिम्मेवारी आयोजकले लिनुपर्ने उहाँको भनाइ छ ।रासस

## जग्गा बिक्रीमा

जनकपुरधाम उपमहानगरपालिका वार्ड नं. २३ विन्हीमा रहेको श्री सोनासती माईस्थान सँगै पुर्वमा रहेको भार तसम्म जाने सिक्सलाईन सडक सँगै टाँसिएको कि.नं. १७२८ (१ कठ्ठा ७ धुर) र १७३० (२ कठ्ठा २ धुर) पश्चिम मोहडा भएको जम्मा जग्गा ३ कठ्ठा ९ धुर तुरुन्त बिक्रीमा रहेकोले इच्छुक महानुभावले निम्न मोबाइलमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
९८०७६९९०६९ (कासिम)
९८०१५३७९१० (रंजित)

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
वृष : पढाई लेखाइमा प्रगति हुनेछ ।
मिथुन : आस मारेको काम बन्नाले उत्साह जाग्नेछ ।
कर्कट : घरेलु काममा रुची बढ्नेछ। धार्मिक र सामाजिक काममा व्यस्त रहनुपर्नेछ ।
सिंह : मेहनत गर्दा लक्ष्य हासिल हुने सम्भावना देखिन्छ ।
कन्या : दाम्पत्य जीवनमा खुशियाली छाउनेछ।
तुला : साथीभाईसंग रमाइलो भेटघाट हुनेछ।
वृश्चिक : परोपकारी काममा रुची बढ्नेछ । धार्मिक काममा व्यस्त रहनुपर्नेछ ।
धनु : सामाजिक उत्तरदायित्व बहन गर्दै विदेश जाने मौका मिल्नेछ ।
मकर : शैक्षिक क्षेत्रमा गरेको लगानीबाट राम्रो प्रतिफल मिल्नेछ ।
कुम्भ: स्वास्थ्यमा केहि समस्या आउने देखिन्छ ।
मीन : टाढाको यात्राको सम्भावना देखिन्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**वीरगञ्जस्थित घण्टाघर** मर्मतसम्भारको लागि बाधिएको खट। एक महिनाअघि घण्टाघरको केही भाग चर्किएपछि वीरगञ्ज महानगरले आवश्यक मर्मतसम्भारको काम अघि बढाएको हो । *तस्बिरः रासस*

# एकीकृत समाजवादीद्वारा घटनाको छानबिनको गरी दोषीलाई कारबाहीको माग

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले केन्द्रीय कार्यालयमा गरिएको तोडफोड तथा आगजनीको छानबिनको माग गरेको छ ।

पार्टीका उपाध्यक्ष एवं केन्द्रीय प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले आगलागी तथा तोडफोडप्रति दुःख व्यक्त गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो । उहाँले भौतिक संरचना तोडफोड तथा हिंसात्मक कार्यको निन्दा गर्दै प्रारम्भिक चरणको छानबिन सुरू गरिएको बताउनुभयो । उक्त घटनाबाट भएको नोक्सान तथा क्षतिको विवरण सङ्कलन सुरु गरिएको छ ।



विभिन्न धार्मिक सङ्घसंस्था तथा राजावादी समर्थकहरूले हिन्दू राष्ट्र पुनःस्थापनालगयत माग गर्दै जुलुस प्रदर्शन तथा आन्दोलनका क्रममा तीनकुनेमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएपछि आक्रोशित बनेको आन्दोलनकारीको भीडले एकीकृत समाजवादीको पार्टी कार्यालय तोडफोड गरेको हो । आलोकनगर स्थित कार्यालयमा आन्दोलनकारीले तोडफोडका क्रममा गरेको आगजनी सुरक्षाकर्मीलगायत सहयोगमा निभाइएको छ ।रासस

# गैरकानुनी गतिविधिमा संलग्न नहुन आमनागरिकलाई सरकारको अपिल




काठमाण्डु । सरकारले अमानवीय र गैरकानुनी गतिविधिमा संलग्न नहुन आमनागरिकलाई अपिल गरेको छ। गृह मन्त्रालयद्वारा शुक्रबार साँझ जारी प्रेस विज्ञप्तिमा कानुनको उल्लङ्घन गर्ने जोसुकैलाई कानुनको दायरामा ल्याई विधिको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ ।

> गृह मन्त्रालयद्वारा शुक्रबार साँझ जारी प्रेस विज्ञप्तिमा कानुनको उल्लंघन गर्ने जोसुकैलाई कानुनको दायरामा ल्याई विधिको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ ।

पूर्व राजाका समर्थकहरूद्वारा आयोजित प्रदर्शनका क्रममा काठमाडौँको तीनकुने क्षेत्रमा संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको उपहास गर्दै भएको हिसात्मक प्रदर्शनप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

व्यक्तिका निजी सम्पत्ति, अस्पताल, सञ्चारगृह, राजनीतिक दलका कार्यालय, व्यापारिक केन्द्रलगायत यातायातका साधनहरूमाथि भएको तोडफोड र आगजनीजस्ता अमानवीय एवं अमर्यादित घटना गैरकानुनी तथा घोर भर्त्सनायोग्य रहेको विज्ञप्तिमा उल्लेख छ । यस्ता हिंसात्मक एवं आपराधिक घटना गर्ने-गराउने कार्यका लागि प्रदर्शनका आयोजक स्वयं नै पूर्ण रूपमा जिम्मेवार हुनुपर्ने सरकारले स्पष्ट पारेको छ ।

संविधानले सबै वर्ग, जाति, भाषा, लिङ्ग, क्षेत्र र धार्मिक अधिकारको संरक्षण गर्दै लोकतान्त्रिक शासन व्यवस्थाको उच्चतम उपयोग गर्ने मार्गप्रशस्त गरेकै उल्लेख गर्दै मन्त्रालयले शान्तिपूर्ण तरिकाले विचार प्रकट गर्ने लोकतान्त्रिक विधिको सट्टा हिंसापूर्ण एवं अराजनीतिक खालका गतिविधिहरूबाट कोही कसैको भलाई नहुने स्पष्ट गरेको छ ।रासस

# चैत्र कृष्ण चतुर्दशी : पाहाँचह्रे मनाइँदै



काठमाण्डु । नेवार समुदायले दसैंपछिको ठूलो पर्वका रूपमा मनाउने पाहाँचह्रे पर्व शुक्रबार देशभर छरिएर रहेका संस्थाका प्रतिनिधिले विभिन्न कार्यक्रम गरी देशभरी मनाएका छन् ।

यसलाई पासाचह्रे पनि भन्दछन् । नेवार भाषामा पाहाँको अर्थ पाहुना हो भने पासाको अर्थ साथी । चह्रे चन्द्रमासको भित्तेपात्रोअनुसार चौधौँ दिनलाई भनिन्छ। यस चाडका दिन खाइने मुख्य खाद्यवस्तु लसुन भएकाले कसैकसैले यसलाई 'लसुने चाड' पनि भन्ने गरेको संस्कृतिविद्को भनाइ छ ।

यो चाडलाई काठमाडौँमा नेवार सम्प्रदायले दसैं र तिहार जस्तै मनाउँदै आएको पनि स्मरण गर्नुभयो ।

यस दिन बालबालिका, युवायुवती, वृद्धवृद्धा बिहानै सूर्योदयभन्दा अघि उठी मध्याह्नसम्म हर्षोल्लासका साथ भद्रकाली, रक्तकाली, श्वेतकाली, कङ्केश्वरी आदि पीठका देवी, भैरव, गणेश आदि देवताको दर्शन तथा पूजा गर्छन् । मानिसहरूले दिउँसोदेखि बेलुकीसम्म आआफ्ना घरमा परिवारसँग बसी विविध प्रकारका खानेकुरा खान्छन् ।

पाँहाचह्रेका दिन मुख्यतया समयबजी खाइन्छ। यसमा चिउरा, बोडी, अन्डा, बारा, साग, अचार, आलु, माछा, भटमासलगायत परिकार खाइन्छ । "विभिन्न स्थानमा अन्य देवीदेवताको खट जात्रा गरी पाँहाचह्रे पर्व मनाउने चलन छ ।" "यस पर्वको पहिलो दिन बिहान विभिन्न शक्तिपीठमा पूजा गरी बेलुकी भष्मासुरको डरले लुकेर बसेका महादेवको पूजा गरिन्छ ।"

"लुकु महाद्यः भन्दै महादेवको एउटा आकृतिलाई जमिनमुनि लुकाएर पूजा गर्ने परम्परा छ ।" घरघरमा खाल्टोमा राखिएका महादेवलाई लसुन, मुलाको पहेँलो र सेतो फूल राखेर पूजा गर्ने गरिन्छ।यस अवसरमा कङ्केश्वरीदेवीलगायत विभिन्न शक्तिपीठ देवदेवीका मूर्तिको खटजात्रा गर्ने परम्परा छ । पाहाँचह्रे पर्वको दोस्रो दिन अर्थात् घोडेजात्राका दिन दुई वर्षसम्मका बालबालिकालाई मरःजा खुवाइन्छ। चौरासी व्यञ्जनसहितको उक्त परिकार खुवाउँदा बालबालिका निरोगी हुने र भूतप्रेतले नसताउने जनविश्वास छ ।


पाहाँचह्रेको अन्तिम दिन आइतबार दिउँसो असनमा देवीको खट जुधाउने जात्रा गरिन्छ । रातो, नीलो र पहेँलो गरी तीनवटा रङका टोपी र टिसर्ट लगाएकाहरू असनको मुख्य चोकमा भेला हुन्छन् । भद्रकाली (लुँमरी अजिमा) र कङ्केश्वरी (चामुण्डार कङ्ग अजिमा)को खट बोक्नेहरूले चिराग साट्ने गर्छन् । यसलाई स्थानीय भाषामा 'द्य ल्वाकेगु' भनिन्छ ।

पहिले असनमा सात खट जात्रा गरी 'द्य ल्वाकेगु' जात्रा हुने गरे पनि पछिल्लो समय दुई देवीको मात्र जात्रा हुने गरेको छ। खट तीनवटा भए पनि दुईवटा खट भद्रकाली (लुँमरी अजिमा) र एउटा खट कङ्केश्वरी (चामुण्डार कङ्ग अजिमा) को हुन्छ । "असनमा खट जुधाउने भनिए पनि खट नै जुधाइँदैन ।" रातो, नीलो र पहेँलो गरी तीनवटा रङका टोपी र टिसर्ट लगाएकाहरू असनको मुख्य चोकमा भेला हुन्छन् ।रासस

# सिरहा घटना : प्रहरीले सरकारी वकिललाई बुझायो प्रतिवेदन

सिरहा । सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञका नाममा जातीय विभेद गरिएको घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिलको कार्यालयलाई बुझाएको छ। जातीय भेद्भाव तथा छुवाछूतसम्बन्धी मुद्दाको अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादव पक्राउ परेका थिए। त्यसपछि चैत १० गते प्रहरीले उनीहरुसँगै बजरङ्गी बाबाविरुद्ध पीडितसँग जाहेरी लिएको थियो ।

यही चैत १७ देखि आयोजना हुने भनिएको



६ दिनमै अनुसन्धान सकाएर प्रहरीले बिहीबार प्रतिवेदन सरकार वकिललाई बुझाएको हो ।

अनुसन्धान प्रतिवेदन प्राप्त भएको र त्यसको अध्ययन गर्ने काम भइरहेको जिल्ला न्यायाधिवक्ता राजेन्द्र बस्नेतले जानकारी दिनुभयो । अध्ययनपछि उक्त प्रतिवेदन अदालतमा अभियोगपत्रका रुपमा दायर गरिने उहाँले बताउनुभयो ।

औरहीका दलित समुदायका दीपक मल्लिकको घर भत्काएको घटनामा यही चैत ९ गते साँझ गाउँपालिकाका महायज्ञका नाममा गत फागुन १० गते अछूत भन्दै महायज्ञस्थलमा रहेको दिपक मल्लिकको घर भत्काइएको थियो। गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरङ्गी बाबाले डोजर लगाएर भत्काइदिएको भनेर घटना सार्वजनिक भएको थियो। यसअघि घटनाबारे संवेदनशील नभएको भन्दै गृह मन्त्रालयले सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई मन्त्रालय तथा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितलाई प्रहरी प्रधान कार्यालय तानेको थियो ।रासस

# घिसिङको रिटमा कारण देखाउ आदेश

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिरिङको रिटमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ। न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले रिटउपर सुनुवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो ।



घिसिङले प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णयविरुद्ध अन्तिम आदेशको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो । अदालतले शुक्रबार लिखित जवाफ माग गर्दै अन्तरिम आदेश हुने वा नहुने विषयमा दुवै पक्षलाई छलफलका लागि यही चैत १७ बोलाएको छ ।

आदेशमा भनिएको छ, "यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत आफैँ वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला ।"चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो ।रासस

# 'नेपाल टेलिकलले गुनासा नआउने गरी सेवा प्रवाह गर्नुपर्छ'

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल टेलिकमले जनताको गुनासा नआउने गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभएको छ ।



नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन कोशी प्रदेश समितिको १२औँ प्रदेश अधिवेशनको शुक्रबार उद्घाटन गर्दै उहाँले टेलिकमलाई स्तरोन्नति, विश्वसनीय र प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्रीले भन्नुभयो, "टेलिकमसहित मुलुकका अन्य सार्वजनिक संस्था बलियो, गुणस्तरीय सेवा दिने र सक्षम भएमा राष्ट्रले समृद्धि हासिल गर्नेछ ।" उहाँले आगामी वैशाख १ गतेदेखि प्रदेश सरकारले मनाउने 'पर्यटन भ्रमण वर्ष'को अवधिभर टेलिकमले आफ्नो 'रिङटोन'मार्फत प्रदेशभरिका पर्यटकीयस्थलको जानकारी दिँदै विदेशी पर्यटकलाई अस्थायी सिम वितरण गरी सहयोग गर्न आग्रह गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशका पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्दै विकास र रोजगारीका अवसर सृजना गर्न सकिने धारणा राख्दै यसका लागि प्रदेश लगानी सम्मेलनको आवश्यक प्रचारप्रसार गर्न सबैलाई आग्रह गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशीका अध्यक्ष घनश्याम खतिवडा र नेता विनोद ढकालले टेलिकमले कर्मचारीको हकहित र जनतालाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने सुझाव दिनुभयो ।सङ्गठनका प्रदेश अध्यक्ष सुमित ओझा, केन्द्रीय उपमहासचिव गोविन्द ढुङ्गानाले अधिवेशनले विगत कार्यको समीक्षा तथा आगामी दिनमा गर्नुपर्ने कार्यदिशा अवलम्बन गर्ने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले सोही अवसरमा सेवानिवृत्त कर्मचारीलाई सम्मान गर्नुभएको थियो ।रासस

# सार्वजनिक तथा निजी सम्पत्तिमाथि आक्रमण गर्नेलाई कारबाहीको माग

काठमाण्डु । समाजवादी मोर्चा नेपालले प्रदर्शनका नाममा सार्वजनिक तथा निजी सम्पत्तिमाथि आक्रमण गर्ने आपराधिक तत्वलाई यथाशीघ्र कडाभन्दा कडा कारबाही गर्न सरकारसँग माग गरेको छ ।मोर्चाले शुक्रबार विज्ञप्ति जारी गर्दै राजनीतिक दलको कार्यालय र नागरिकको जनधनको सुरक्षा गर्न सरकारको ध्यानाकर्षण गराएको हो ।

मोर्चाले यस प्रकारका उच्शृङ्खल र अराजककार्यको भर्त्सना र निन्दा गरेको छ ।

राजधानीमा आयोजना गरेको जनप्रदर्शनबाट अत्तालिएका यथास्थितिवादी तत्वले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय, काठमाडौँ जिल्ला कार्यालय, अध्यक्ष माधवकुमार नेपालका भाइ सरोजको निजी निवास, निजी तथा सार्वजनिक सम्पत्ति र सञ्चार गृहमा तोडफोड तथा आगजनी गरेको मोर्चाले जनाएको छ ।

मोर्चाले प्रतिगामी षड्यन्त्रका विरुद्ध तथा गणतन्त्रको संवर्द्धन र राष्ट्रिय स्वाधिनताको संरक्षणका लागि शुक्रबार आयोजित जनप्रदर्शनमा उल्लेख्य नागरिकको सहभागिताका लागि आभार प्रकट गरेको छ । मोर्चामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल कम्युनिष्ट पार्टी र नेपाल समाजवादी पार्टी आबद्ध छन् ।रासस




# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। भुलाइल प्रेम ।।

सिख रहल छि प्यार जतावेके
हमरा स दिल फेर लगावेके
उ फासमे हम नै इ आइब
धोखा? यहाँ स ? हम फेर नैय खाइब ८
कहले छियै बाबुके कुन्डली पन्डितके देखावेके
८ सिख रहल छि --)-८
जहिया यहाँ के बराती आइत ,
सोचले छि तहिए हनिमुन मनाबके
देखैबते देखैबते यहाँ गाल प के तिल
तोइर क गेलि हमर सोना सन दिल
फेर सोची छि यहाँ हैरमरो मचाब के
८ सिख रहल छि ---८



स्नेही साह
ठेगाना : जनकपुरधाम ११
हाल : खाडीमा

## ।। जनकपुर नगरी ।।

मिथिलाको काखमा सुन्दर बगैंचा,
जनकपुर नगरी, शान्तिको सैंचा।
जनकराज धर्ती, सीताको धाम,
पवित्र छ यो भूमि, अटल छ नाम।
मन्दिरका घण्टी, गुञ्जिन्छ यहाँ,
राम-जानकीको प्रेमको कथा।
गंगा भैं बग्छ संस्कृति यहाँ,
माटोमा नै भरिएको छ चाहा।
पुष्प वाटिकामा सुगन्धित हावा,
साक्षी छ इतिहास, बोल्छ यो गाथा।
विवाह पंचमी, दीपको झिलिमिली,
सजिन्छ जनकपुर, सुनौला गल्ली।
तीर्थालु आउँछन्, दर्शन गर्न,
राम-सीताको कृपा पाउन।
धर्म, संस्कृति, सभ्यता धरोहर,
जनकपुर नगरी, सुगन्धित मधुकर।
यो पावन नगरी, प्रेमको सन्देश,
शान्ति, भक्ति, सधैँ रहो विशेष।
जन-जनको हृदयमा बस्ने छ तिमी,
मिथिलाको शोभा, अनुपम निधि।



कृष्ण अग्रहरी तौलिहवा,कपिलवस्तु

## गजल

अहाँक यादक छाँहमे, बसल अछि प्राण हमर।
शब्द हारि गेलै, मुदा बोलै अछि गान हमर।
ओ मोसम, ओ बात, ओ मृदुल मुस्कान अहाँक,
अजुओ जीबै छै मोनमे, बनल अछि जान हमर।
समयक धार बहि गेल, संग ल' गेल सुख-दुख,
मुदा निशानी बनल अछि, मोनक मचान हमर।
प्रेम छल पवित्र, प्रेम छल उजास संगे,
ओहि उजासमे जगल अछि, आत्म-सन्मान हमर।
बिछोड़ सत्य अछि, मुदा बिसरब कोना सम्भव ?
अहाँक नाम लिखल रहत, धरती आ गगन हमर।
आँखिमे नोर नहि, हृदयमे घृणा नहि,
बस एक शान्ति अछि, जे बनल पहचान हमर।



सत्यम

## ।। एसईई सक्यो ।।

एसईई सक्यो, रमाइलो छ अहिले,
पढाइको भारी हल्का भो दिलमा मिले।
परीक्षाका रात, जाग्राम बिताए,
अब सपनाहरू नजिकै आइपुगे।
आमाको हाँसो, बाबाको गर्व,
मेहनतले जित्यो, मिल्यो नयाँ पथ।
साथीभाइसँग छुट्ने दिन आयो,
स्कुले सम्झनाले मन छोयो।
नयाँ यात्रा, नयाँ उमंग,
सफलताको यात्रामा बढ्ने तरंग।
अब भविष्यको उज्यालो बाटो,
सपनालाई पूरा गर्ने हाम्रो हातो!



लेखक : नवल प्रसाद यादव
ठेगाना : सखुवा प्रसौनी गाउँपालीका पर्सा

## 'बसन्त ऋतु'

हरियो वनमा सुगन्ध फिजायो,
फूलका सुन्दर रंग सजायो।
मधुर बतासले मन नचायो,
बसन्त ऋतुले सबै हर्षायो।
नव कुसुमको मधुर शुगन्ध,
भमराको गुन्गुन सुन्दर छन्द।
आकाश निलो, खुला प्रकाश,
हर्षको मौसम, उल्लास अपार।
साना पंक्षी चिरबिर गाए,
वनका हाँगामा नाच्दै आए।
झरनाले मीठो गीत सुनायो,
बसन्तले मन रमाइ बनायो।
अलि चिसो, अलि न्यानो,
प्रिय यो मौसम, अति सुहानो।
प्रकृतिको अनुपम उपहार,
बसन्त छ साँचो सुखको द्वार।



लेखक: बब्लु शर्मा
ज. उ. न. पा.-७

## ।। नै लेबै दहेज ।।

कते बेटी बिष खैलकै
कते बेटी फासी लगलै
दहेजकें कारण।
तैयौ नै दहेज रोकाइ छै
बाबू,माइ, गाउँ,समाज के
कारण।
कते दिन दहेज प्रथा रहतै ?
कते दिन कुरिती ने हटतै ?
कते दिन बेटी जरतै यौ आगिमे
दहेज कारण ?
जते जते लोक शिक्षित भेलै
तते तते बेसी दहेजक माग भेलै
केहन भेलै गाउँ समाज
केहन भेलै बाबू,माइ यौ
गरिबक बेटी गरीबे मे छै
केना करतै विवाह यौ ?
आब सबगोटे के दहेज
विरूद्ध उठ पडतै
लिअ पडतै प्रतिज्ञा यौ
तब एकर लोप हेतै
हेतै बेटी सेहो उपर यौं
हे मैथलावासी नै लेबै दहेज से
सबगोटे सप्पत खाउ यौ



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। कला ।।

कला मेरो संस्कृति, कला मेरो धर्म।
कला मेरो भावाकृति, कला मेरो कर्म ।।
कला मेरो पूजापाठ, कला मेरो भक्ति।
कला मेरो बल बुद्धि, कला मेरो शक्ति ।।
कला मेरो परिचय, कला मेरो पहिचान।
कला मेरो सृजक, कला मेरो भगवान ।।
कला मेरो आश तिर्खा, कला मेरो भुख।
कला मेरो परमानन्द, कला मेरो सुख ।।
कला मेरो सुर्य चन्द्रमा, कला मेरो गगन।
कला मेरो ब्रह्माण्ड, कला मेरो जीवन ।।
कला मेरो कल्पना, कला मेरो यथार्थ।
कला मेरो लक्ष्य, कला मेरो पुरुषार्थ ।।



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१. सिनुरजोडा
धनुषा, नेपाल।

## ।।मेरो माया।।

मेरो माया नदी जस्तै, निरन्तर बगिरहन्छ,
छालहरूमा तिम्रो नाम, मुटुमा अमिट रहन्छ।
मेरो माया जून जस्तै, अध्यारोमा पनि चम्किन्छ,
तिम्रो मुस्कानको उज्यालोले, जीवन मेरो रंगिन्छ।
मेरो माया हावा जस्तै, सधैं तिमीलाई छोइरहन्छ,
अदृश्य भए पनि हरपल, तिम्रै वरिपरि रहन्छ।
मेरो माया फूल जस्तै, सुवास छर्दै बाँच्न सक्छ,
तिम्रो साथ पाउँदा मात्र, यो संसार सुन्दर लाग्छ।
तिमी टाढा भए पनि, मनको आँगनमै छौ,
मेरो माया अमर छ, सधैं तिमीमा बाँच्नेछौ।

लेखक: दिलीप कुमार दास
ठेगाना: धनुषाधाम -४ लक्ष्मीपुर

## ।।राजा आउ, देश बचाऊ।।

राजा आउ, देश बचाऊ,
सिंहासन खाली, न्याय जगाऊ।
कहिले सम्म यो अन्धकार?
कहिले सम्म दुःख, अन्यायको भार?
वीर गाथा हराउँदै गयो,
नेपाल आमाको निधार नै खयो।
भ्रष्टाचारले मुलुक गलायो,
निष्ठा हरायो, स्वार्थले ढलायो।
जहाँ सत्तामा सिंह चढे,
त्यहाँ जनता रूँदै बगे।
आशाहरु खण्डहर भए,
देशका सपनाहरू खरानी जले।
हिजो जो भूमि वीरको थियो,
आज किन रगतले भिज्न थाल्यो?
दुःख, अशान्ति, रोग, महँगी,
कसले बुझ्ने जनता रुने व्यथाको सँगती?
सगरमाथा उभिएर हेर्छ,
जनताको दुःख सहेर चेर्छ।
गण्डकी, कोशी बगे,
देशका सपनाहरू बगे।
लौ न अब राजा आउ,
हराएको त्यो गौरव ल्याऊ।
स्वाभिमान, एकता, धर्म जगाऊ,
नेपाल आमाको सम्मान बचाऊ।
धन्य देश, धन्य जनता,
तर सत्तामा कुर्सीको लडाइँ कन्तबिजोग!
जनताको घाउ खै कोले निम्छ,
राजनीतिमा फेरि फगत सिम्सिम।
तर आश बाँकी छ, मर्न दिएको छैन,
वीर सन्तानले सपनालाई धोएको छैन।
फेरि एक दिन सुर्य झल्कनेछ,
नेपाल स्वाभिमानमा उठ्नेछ!
राजा आउ, देश बचाऊ,
शान्तिको दीप फेरि जलाऊ!



कविता लेखक:- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष
ठेगाना:- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१
अध्यनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी

## गजल

गाम,शहर सब ठां शोर अछि
भ्रष्टाचारी भेल मुहँजोर अछि

देखिक गणतन्त्र लोगक आब
षोणित भेल गरम इन्होर अछि

नहि रहल भरोसा जनमानसमे
लोकतान्त्रिक गणतन्त्र कमजोर अछि

ओली,देउवाक इ साटघाट सँ
परिवर्तनक लहरि खुब जोर अछि



उदगार यादव
सिरसिया-६

## ।। देश ।।

देश त्यो हाम्रो ज्ञानका भुमि,
कहाँ म खोजुँ ,त्यो शान्तिको भुमि।
आफ्नैलाई आफ्नो भन्न भो कठिन ,
देशको माया केवल शब्दमै भेटैं।
किन भावनामा कहिँ भेटिन्न।।
छन् गुनासा, असन्तुष्टिका पहाडहरु,
हेर्नमै बिताउछौँ अरुका आङ।
देशलाई माया गरेर हेर ,
खै ! किन फाल्दैछौं,यो देशको सान।।
देशको माया भनौँ,
या स्वार्थका खेल।
बिर्सेर समृद्धिका बाटोहरु..
के का ?हुदैछन् यो जाल भेल।
कति नै खेल्छौँ तन्त्रको खेल,
आफ्नो मन,मस्तिष्कमा नियालेर हेर।
सुशासन ,सदाचार छन् ,नारामै सिमित,
सहिदका थिएँ कति समर्पण,बलिदानी,
ती हजारौं सपना र भावना सोचेर हेर।।
भुलेछौँ तिमी ,त्यो इतिहासका पाना,
सोचेनौं कहिल्यै, देशको हालत।
भुलेछौँ किन ? यो धर्तीको माया,
तन्त्रै नै बदल्न ,गर्छौँ वकालत।।
हे ! वीर नेपाली सपूत...
जन जनमा शान्तिको सन्देश फैलाउनुछ।
जागौं हे ! वीर नेपाली जन,अब देश बचाउनुछ।।



साधु शरण महतो 'अदित्य'
ठेगाना:- महोत्तरी ,भग्हा नपा. ४ रामनगर बिर्ता
( हाल नलगाड नगरपालिका ,जाजरकोट )


## "फेरिन्छ देशको मुहार"

एक दिन हाम्रो देश पनि उठ्नेछ,
थाकेका पाइला बलियो हुनेछन्।
रगतले लेखेको इतिहास बोल्नेछ,
नेपाली मन फेरि चम्कनेछ।
हिजो अँध्यारो, आज झलमल,
सपना हराएका, भोली सफल।
श्रमको पसिनाले जगाउँछ माटो,
इमानको उज्यालोले देखाउँछ बाटो।
नेता बेच्न छोड्नेछन् देश,
न्यायले जित्नेछ साँचो आदेश।
किसानको खेतमा सुन फल्नेछ,
श्रमिकको हातमा मोल बढ्नेछ।
शिक्षाले ज्ञानको दियो बल्नेछ,
बेरोजगारले नयाँ बाटो चल्नेछ।
सबैले आ-आफ्नो भाग खोज्ने होइन,
देशलाई माथि उठाउने प्रण गर्नेछ।
एक दिन यो आकाश गर्जिने छ,
नेपालको नाम संसार भरि गुन्जिने छ।
नसोच, यो सपना मात्र हो,
देशको मुहार अवश्य बदलिनेछ!



लेखक:दिलीप कुमार दास
ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर

# 'कृष ४'बाट ऋतिक रोशनले निर्देशनमा डेब्यु गर्ने



एजेन्सी

भारतको पहिलो सुपरहिरो फिल्म 'कृष'को अब चौथो श्रृंखला निर्माण हुने भएको छ। बजेट जुटाउन समस्या भएपछि १२ वर्षदेखि बन्न नसकेको 'कृष ४'मा यशराज कम्पनीले लगानी गर्ने भएपछि निर्माण प्रक्रिया अगाडि बढेको छ। अब फिल्मलाई यशराजका आदित्य चोपडा र राकेश रोशनले संयुक्त रुपमा निर्माण गर्नेछन्। यो फिल्मको बजेट भारु सात सय करोड अनुमान गरिएको छ।

'कृष'का अघिल्ला श्रृंखलालाई राकेश रोशनले निर्देशन गरेका थिए। यसको चौथो श्रृंखलाबाट भने उनका छोरा तथा अभिनेता ऋतिक रोशनले निर्देशनमा डेब्यु गर्ने भएका छन्। यसको जानकारी उनी स्वयंले सामाजिक सञ्जालमार्फत गराएका छन्। उनले लेखेका छन्, 'डुग्गुलाई' मैले २५ वर्षअघि अभिनेताको डेब्यु गराएकोथिएँ। अब २५ वर्षपछि निर्देशकको रूपमा डेब्यु गराउँदैछु।'

राकेशले पिंकविलासँग कुराकानीमा ऋतिकसँग 'कृष'को यात्रालाई दशकौंसम्म लैजाने परिकल्पना रहेको बताएका छन्। उनले भनेका छन्, 'मैले 'कृष ४'को निर्देशनको जिम्मेवारी ऋतिकलाई सुम्पिएको छु। ऊ यो फ्रेन्जाइजको सुरुवातदेखि मेरो साथमा छ। ऊसँग 'कृष'को यात्रालाई दशकौंसम्म दर्शकसँग जोडेर लैजाने परिकल्पना छ। ऊ निर्देशक बन्दैछ भन्ने कुराले गर्व लागेको छ।'

भारतीय मिडियाका अनुसार 'कृष ४'को स्क्रिप्ट तयार भइसकेको छ। ऋतिकले आगामी वर्ष २०२६ को सुरुवातबाट छायांकन सुरु गर्ने तयारी गरेका छन्। फिल्ममा ऋतिक स्वयं मुख्य भूमिकामा देखिनेछन् भने बाँकी कलाकार निश्चित भएका छैनन्। सन् २००३ मा प्रदर्शन भएको 'कोई मिल गया'को सिक्वेलको रुपमा बनेका 'कृष' र 'कृष ३' भारतीय बक्स अफिसमा ब्लकबस्टर भएका थिए।

# विज्ञापन बजार सुदृढ गर्न राष्ट्रिय विज्ञापन नीति ल्याउँछौँ : मन्त्री गुरुङ




काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विज्ञापन बजार व्यवस्थापन र सुदृढ गर्न राष्ट्रिय विज्ञापन नीति अत्यन्त आवश्यक रहेको बताउनुभएको छ।

काठमाडौँ शुक्रबार राष्ट्रिय विज्ञापन सङ्घको दोस्रो वार्षिक साधारणसभा तथा पहिलो अधिवेशनमा बोल्दै मन्त्री गुरुङले पुरानो नीति र व्यवस्थामा चलेको विज्ञापन नीति समयानुकूल परिमार्जन गर्न नसक्दा व्यवहारमा जटिलता आएको बताउनुभयो।

सूचना प्रविधिको विकास बढ्दो भए पनि ऐन र कानुन पुरानै प्रवृत्तिमा रहेकाले कार्यान्व्यनमा समस्या आएको उहाँले औँल्याउनुभयो। तसर्थ मन्त्रालयले आफ्नो मातहतमा रहेका सबै निकायलाई चुस्त बनाउन आवश्यक ऐन र नीति परिमार्जन गर्नतर्फ केन्द्रित रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो। "ऐन र कानुन पुराना भए, समयसापेक्ष बनाउन संशोधन गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "केही आवश्यकताका आधारमा नयाँ ऐन ल्याउनुपर्ने देखिन्छ।"

कार्यक्रममा व्यक्ताहरूले उठाएको मदिराजन्य विज्ञापनमा सरकार खुकुलो हुनुपर्ने मागमाथि मन्त्री गुरुङले सरोकारवालासँग छलफल गरेर लचिलो हुन सकिने धारणा व्यक्त गर्नुभयो। त्यसैगरी, पछिल्लो समय विज्ञापन बजार खुम्चिँदै गएको र मिडिया सञ्चालक बढ्दै गएकाले विज्ञापन व्यवस्थापनप्रति सरकार संवेदनशील रहेको उहाँले प्रष्ट पार्नुभयो।

विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईँले विज्ञापन बजार घटिरहेको अवस्था उल्लेख गर्दै सरकारले यसबारे स्पष्ट नीति तत्काल ल्याउनु आवश्यक रहेकामा जोड दिनुभयो।

विज्ञापन बजार पारदर्शी बनाउन विज्ञापन ऐजेन्सीहरूको पनि साथ चाहिनेसमेत बताउनुभयो ।कार्यक्रममा बोल्दै मिडिया एलाइन्स नेपालका अध्यक्ष भास्करराज राजकर्णिकारले विज्ञापन बजार घटेर २० प्रतिशत पुगेको अवस्था दर्शाउँदै विज्ञापन व्यवसाय बचाउन राज्य गम्भीर हुनुपर्ने बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले विज्ञापन, मिडिया हाउस र श्रमजीवी पत्रकार एकअर्कासँग अन्तरसम्बन्धित रहेको हुँदा पत्रकारको रोजगारसँग जोडिएको विज्ञापन नीति सबैका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले पत्रकारको जीविकोपार्जनसँग जोडिएको विज्ञापन बजार व्यवस्थित र लचिलो हुनुपर्ने धारणा राख्नुभयो ।रासस

# सार्वभौम जनतालाई रैती बनाउने प्रयास असफल पारिन्छ : अध्यक्ष दाहाल

**"संघीय लोकतान्त्रिक गणतन्त्र हजारौं सहिद र बेपत्ता योद्धा तथा लाखौं नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन", अध्यक्ष दाहालले भन्नुभयो,**




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वभौम भइसकेका नेपाली जनतालाई फेरि रैती बनाउने प्रयास कुनै हालतमा पनि सफल हुन नदिइने बताउनुभएको छ। समाजवादी मोर्चा नेपालले शुक्रबार राजधानीमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै उहाँले जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिलाई कमजोर पार्न नदिइने स्पष्ट पार्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र हजारौँ सहिद र बेपत्ता योद्धा तथा लाखौँ नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन", अध्यक्ष दाहालले भन्नुभयो, "सामन्ती व्यवस्थाका अवशेषविरूद्ध आन्दोलनको नेतृत्व गर्ने मोर्चाको सङ्कल्प छ।" गणतन्त्रवादीले गरेको कमीकमजोरीका कारण प्रतिक्रियावादीले केही लाभ लिएको उल्लेख गर्दै वर्तमान सरकारले आफ्नो कार्यशैली सुधारेर जनपअपेक्षा पूरा गर्नतर्फ केन्द्रित हुन सुझाव दिनुभयो।

संविधानसभाबाट जारी संविधान कार्यान्वयनमा देखिएको कमजोरी सच्याएर जानुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संशोधन अगावै राजनीतिक शक्तिबीच व्यापक छलफल आवश्यक रहेको बताउनुभयो । "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न, महिला, दलित, आदिवासी जनजातिलाई थप अधिकार प्रदान गर्न संविधान संशोधन गर्न सकिन्छ", उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले ठूलो सङ्घर्षबाट जनता स्वाधीन र सार्वभौमसत्ता सम्पन्न भएकाले वंशको दासत्व कुनै हालतमा स्वीकार्य नरहेको बताउनुभयो। "कसैले वंश शासन ल्याउने खोजे ठूलो मूल्य चुकाउनुपर्छ", उहाँले भन्नुभयो, "देश र जनताको भलो नगरेको राजतन्त्र कुनै पनि हालतमा फर्कँदैन।" जनचाहना पूरा गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित गर्न सरकारलाई सुझाव दिँदै अध्यक्ष नेपालले जनअपेक्षा पूरा गर्न नसक्दा असन्तुष्टि पैदा भएको टिप्पणी गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले जनताको सङ्घर्षको बलमा परास्त भएका शक्ति फेरि जुर्मुराउने प्रयास गरिरहेको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट पछाडि फर्कने विषय कुनै हालतमा स्वीकार्य नभएको बताउनुभयो। "जनतालाई सामन्ती व्यवस्थाको खाँचो छैन, फेरि पनि जनतालाई उत्पीडनमा पर्न दिँदैनौँ", उहाँले भन्नुभयो, "अबको यात्रा पश्चगमन नभई अग्रगमन हो।"महासचिव चन्दले किसान, मजदुर, युवा, विद्यार्थीलगायत आमनागरिकले भोग्दै आएको समस्या समाधान गरेर जान सरकारलाई सुझाव दिनुभयो।

नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवले प्रतिगामी शक्तिहरूले द्वन्द्व निम्त्याएर मुलुकलाई अप्ठ्यारोमा पार्न चाहेको जिकिर गर्नुभयो। उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको प्रत्याभूति गराउन गणतन्त्रवादी शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो।


माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले सार्वभौम अधिकारप्राप्त आमनागरिक कोही पनि राजतन्त्रको पक्षमा नरहेको बताउनुभयो । आमसभाअघि समाजवादी मोर्चाले काठमाडौँको विभिन्न स्थानबाट जुलुस निकालेको थियो ।रासस

# 'कीटजन्य रोगको जोखिमबाट उमालेर वा शुद्धीकरण गरिएको पानी पिउने गरौँ'

काठमाण्डु । गर्मीयामको सुरुआत भएसँगै नेपालमा किटजन्य रोगहरूको जोखिम बढ्नसक्ने भएकाले विज्ञले सचेतना अपनाउन आग्रह गर्नुभएको छ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रालयको साप्ताहिक ब्रिफिङमा गर्मीमा कीटजन्य रोगको जोखिम बढ्ने र दूषित पानीका कारण विभिन्न सङ्क्रमणहरू फैलने जोखिम हुने बताउनुभयो।

उहाँले शुद्धीकरण नगरिएको पानी र दूषित खानाले झाडापखाला, टाइफाइड, जन्डिस र हैजाजस्ता रोगहरूको जोखिम बढाउनसक्ने बताउनुभयो । उहाँले त्यस्ता जोखिमबाट बच्न पानी उमालेर वा क्लोरिन झोलको प्रयोग गरी जोखिम बढ्ने बताउनुभयो। उहाँका अनुसार सङ्क्रमणबाट बच्न वरपरको वातावरण सफा राख्ने, लामखुट्टेको नियन्त्रण गर्न घर, कार्यालय, विद्यालय आदि वरपर पानी जम्न नदिने, लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गर्ने, झ्याल, ढोकामा जाली राख्ने तथा लामखुट्टे भगाउने धुपको प्रयोग गर्नुपर्छ।

उहाँले हाल मौसममा आएको परिवर्तनसँगै रुघाखोकी, ज्वरोजस्ता लक्षणसहितका फ्लूका बिरामीहरुको चाप अस्पतालमा बढ्दै गएकाले फ्लूबाट बालबालिका, वृद्धवृद्धा, गर्भवती, दीर्घरोगीहरु बढी जोखिममा हुने भएकाले सावधानी अपनाउन आग्रह गर्नुभयो । "साबुनपानीले




शुद्धीकरण गरेर मात्र प्रयोग गर्ने सुझाव दिनुभयो ।उहाँले भन्नुभयो, "स्वच्छ, सफा र पौष्टिक आहार खाऔँ । प्रशस्तमात्रामा फलफूल तथा हरियो सागसब्जी सेवन गर्ने गरौँ। खाद्य पदार्थहरूलाई सुरक्षित तरिकाले भण्डारण गर्नुपर्छ। शौचालयमा मात्र दिसापिसाब गर्ने गरौँ।"

त्यस अवसरमा प्रवक्ता डा बुढाथोकीले तापक्रम वृद्धि भएसँगै कीटजन्य रोगहरू जस्तै डेङ्गी, मलेरिया, जापानिज इन्सेफलाइटिसको पनि हात धुने, मास्कको प्रयोग गर्ने, काम नपरी भिडभाडमा जाने नगरौँ",उहाँले भन्नुभयो।

उहाँले स्वास्थ्यसँग सम्बन्धित कुनै जिज्ञासा वा गुनासो भए मन्त्रालयको हेल्लो स्वास्थ्य कल सेन्टर ११११५ मा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म फोन गरेर वा इमेल गर्न पनि सकिने जनाउनुभयो। स्वास्थ्य मन्त्रालयले हरेक शुक्रबारको १ बजेर ३० मिनेटमा साप्ताहिक मिडिया ब्रिफिङ गर्दै आएको छ ।रासस

# विद्यालय शिक्षा विधेयक तत्काल अघि बढाउन आग्रह



काठमाण्डु। विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरुले विद्यालय शिक्षा विधेयक द्रुत गतिमा अघि बढाउन सम्बन्धित समितिसमक्ष अनुरोध गर्नुभएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापासहितको छलफलका क्रममा प्रमुख दलका प्रमुख सचेतकले उक्त आग्रह गर्नुभएको हो।

साथै उहाँहरुले त्यसमा आफ्नो दलको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ। त्यस अवसरमा मन्त्री भट्टराईले सो विधेयक शीघ्र टुङ्गोमा पुर्याउन उपसमितिमार्फत काम भइरहेको उल्लेख गर्दै सहयोगका लागि सबै दलसँग आग्रह गर्नुभयो। त्यसअवसरमा शिक्षक आन्दोलनका विषयमा समेत छलफल भएको थियो। सहभागी प्रमुख सचेतकहरुले शिक्षकहरूसँग यसअघि सरकारले गरेका सम्झौताहरूलाई विधेयकमा सम्बोधन गर्न सुझाव दिनुभयो ।ि

शक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा हाल दफावार छलफल भइरहेको छ। समितिका सभापति थापाले यस विषयमा थप छलफल गरी विधेयकलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढाउने जानकारी दिनुभयो ।

छलफलमा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का प्रमुख सचेतक हीतराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# 'आगामी बजेट उत्कृष्ट बनाउन सबैको सहकार्य आवश्यक छ'



काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटलाई प्रभावकारी बनाउन सबैको सहकार्य र समन्वय आवश्यक पर्ने बताउनुभएको छ।

शुक्रबार सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा मातहतका निकायसँग 'चालु आर्थिक वर्षको पुँजीगत खर्च र आगामी आवको बजेट तथा कार्यक्रम तर्जुमा'सम्बन्धी बैठकमा उहाँले बजेट प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय गर्न मातहतका निकायलाई आग्रह गर्नुभयो।

मन्त्री यादवले भन्नुभयो, "स्थानीय तहबाट प्राप्त सुझावलाई ग्रहण गरौँ, योजना तथा कार्यक्रमलाई उत्कृष्ट बनाउन ठोस योजना अघि सारौँ।" आगामी आवका लागि मन्त्रालयले अघि सारेका नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा र प्राथामिकताका विषयमा स्थानीय सरकार, खानेपानी उपभोक्ता महासङ्घलगायत निकायको महत्त्वपूर्ण भूमिका रहनेमा उहाँले जोड दिनुभयो।

मन्त्री यादवले उपभोक्ता, महासङ्घलगायत सरोकार भएकाको सुझावका आधारमा मन्त्रालयले आगामी आवको कार्यक्रम र प्राथमिकता तय गर्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तराई-मधेसका २२ जिल्लामा खानेपानीको समस्या हुँदै आएको छ, त्यसको दीर्घकालीन समाधान खोज्न आवश्यक छ।"

मन्त्री यादवले पछिल्लो समय पहाडी र हिमाली जिल्लामा खानेपानीको समस्या देखिएकाले नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानीका लागि योजना बनाउनुपर्ने बताउनुभयो। "हामीले विशेष टोली गठन गरेर मेहनतका साथ योजना बनाउनुपर्दछ", उहाँले भन्नुभयो, "उपभोक्ता, खानेपानी महासङ्घलगायतसरोकारभएकासँग छलफल गरी सुझाव र सल्लाह लिनु जरुरी छ । खानेपानीको समस्या समाधान हुनेगरी योजना बनाऔँ।"

मन्त्री यादवले बजेटको सिलिङ घटेको बताउँदै विनियोजन भएको बजेट खर्च नहुनु दुःखद् विषय भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "बजेटको सिलिङ घट्यो भन्दै हामी दुःख मनाउँदैछौँ, तर विनियोजन भएको बजेट खर्च गर्न नसक्नुको कारण के हो ? कुनकुन पक्ष जिम्मेवार हो, यी विषयमा छलफल गरी आगामी वर्ष प्रभावकारी कार्यान्वयनमा जोड दिनु जरुरी छ।"

मन्त्रालयका सचिव इन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले खानेपानी नपुगेका ठाउँमा पानी पुर्‍याउनु मन्त्रालयको पहिलो आवश्यकता र प्राथमिकता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पानी नपुगेका ठाउँमा पानी पुर्‍याउन र निर्माण सम्पन्न भएका आयोजनामा पानी प्रशोधन गर्न आवश्यक छ। त्यसतर्फ हामीले ध्यान केन्द्रित गर्नुपर्छ।"

कार्यक्रममा मन्त्रालयका सहसचिवद्धय रामबाबु पुरी, रमाकान्त दुवाडी, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ, उपमहानिर्देशक रामचन्द्र काफ्लेलगायत विभिन्न महाशाखा प्रमुखहरूको सहभागिता थियो ।रासस


**मधेश प्रदेश सरकार**

**ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय**

**भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन**

**लहान, सिराहा**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५**

यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक तथा योग्य निर्माण व्यवसायीहरुबाट निम्न अनुसारको कार्य गर्नको लागि विद्युतीय माध्यम https/bolpatra.gov.np/egp बाट दरखास्त दिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ। अन्य विस्तृत जानकारीको लागि कार्यालय समय भित्रकार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि. न. | ठेक्का न. | कामको विवरण | ठेक्कारकम (इन्सुरेन्सरभ्याटसमेत (रू.) | बिड बोन्ड/ धरौटी रकम (रू.) | बोलपत्र दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GWIDDLHN/ 1-2081-82(TW) | Construction of 6" dia. Power drill Tube well with Installation of Pump Accessories & Electrifications works at Mirchaiya-2.4 &10 Siraha. | ६२,७६,८०७.३१ | १६६००० | ३००० | बोलपत्र |

**कार्यालय प्रमुख**


# बुद्धका सन्देशलाई फैलाउन जरुरी: पूर्वराष्ट्रपति भण्डारी



लुम्बिनी । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गौतमबुद्धका सन्देशलाई विश्वभर प्रचारप्रसार गरी शान्तिदूतको भूमिका निर्वाह गर्न सकिने बताउनुभएको छ। लुम्बिनीमा आज थुक्छे छोइलिङ्ग मोनास्ट्री गुम्बाको शिलान्यास गर्दै पूर्वराष्ट्रपति भण्डारीले बुद्धका शान्ति, करुणा र शिक्षाको महत्व आजको समयमा झनै बढेको उल्लेख गर्नुभयो।

"गौतमबुद्धले अहिंसा, करुणा र शान्तिको मार्ग देखाउनुभयो। उहाँका शिक्षाले संसारभर करोडौँ मानिसलाई प्रेरित गरेका छन् । तर, आज पनि कतिपय विकसित र शक्तिशाली देशहरूबीचको होडबाजीका कारण सर्वसाधारण नागरिक गोलाबारीको सिकार बन्नुपरेको, हिंसाको डर र त्रासमा बाँच्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "त्यसैले बुद्धका शान्ति, करुणा र शिक्षाको सान्दर्भिकता आजको दिनमा झन बढेको छ।"

लुम्बिनी बौद्ध दर्शनको उद्गमस्थल भएको उल्लेख गर्दै उहाँले बौद्ध शिक्षा तथा दर्शनलाई अन्तरराष्ट्रिय केन्द्रका रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो।

बुद्धका उपदेशहरू विश्वभर फैलाउने माध्यमका रूपमा लुम्बिनीको महत्वपूर्ण भूमिका रहने बताउँदै उहाँले बौद्ध सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । त्यस अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गौतमबुद्धको जन्मस्थल लुम्बिनीको समग्र विकासका लागि तीन तहका सरकारबीच सहकार्य अपरिहार्य रहेको बताउनुभयो।

उहाँले सङ्घीय सरकारले लुम्बिनीको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो।

मुख्यमन्त्री आचार्यले लुम्बिनी क्षेत्रको विकास गुरुयोजनाका आधारमा अघि बढाउनुपर्नेमा जोड दिँदै, त्यसबाहिरका काम नहुनुपर्ने स्पष्ट पार्नुभयो ।रासस

## म्यान्मार-थाईल्यान्ड भूकम्प :
# सयौँ जनाको मृत्यु भएको आशङ्का

बीबीसी

काठमाण्डु । म्यान्मारको मध्य भागमा आएको म्याग्निट्यूड ७.७ को भूकम्पका कारण उक्त क्षेत्रमा सयौँ मानिसहरूको मृत्यु भएको आशङ्का गरिएको उद्धारकर्मीहरूले बताएका छन्।म्यान्मारको म्यान्डलेमा परिचालित एक उद्धार टोलीले भूकम्पका कारण भएको मानवीय क्षति अझैसम्म थाहा हुन नसकेको बताएको छ। उनीहरूका अनुसार मृतकको संख्या "कम्तीमा सयौँ हुन सक्छ।"

उद्धार कार्य जारी रहेका कारण मृतकको संख्या अझै थाहा हुन नसकेको उनीहरूको भनाइ छ। भूकम्पको क्षति म्यान्मारको सीमावर्ती थाईल्यान्डसहित उक्त क्षेत्रभरि नै परेको विवरण आएका छन्।

अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएसका अनुसार भूकम्पको केन्द्रबिन्दु सगाइङ सहरबाट १६ किमि टाढा छ। उक्त भूकम्प जमिनभन्दा १० किमि तल उत्पन्न भएको यूएसजीएसले जनाएको छ। केन्द्रबिन्दुभन्दा सयौँ किलोमिटर टाढा थाईल्यान्डको राजधानी ब्याङ्ककमा एउटा निर्माणाधीन बहुतल्ले भवन भत्किँदा ७० जना मजदुरहरू हराइरहेको अधिकारीहरूले बताएका छन्।म्यान्मारमा सैन्य शासनले राजधानी नेपिएडोसहित देशका छ वटा क्षेत्रमा सङ्कटकाल घोषणा गरेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

म्यान्मारमा पहिलो भूकम्प गएको १२ मिनटपछि फेरि अर्को भूकम्प भएको र त्यो म्याग्निट्यूड ६.४ को भएको यूएसजीएसले जनाएको छ। थाईल्यान्डबाहेक दक्षिणपश्चिम चीनमा पनि धक्का महसुस गरिएको थियो।ब्याङ्ककमा भुइँचालो थेग्न सक्ने गरी भवन निर्माण नगरिएका हुनाले ठूलो क्षति पुगेको हुन सक्ने ठानिएको छ।थाई सरकारले आपत्कालीन बैठक बोलाएको छ।

अधिकारीहरूका अनुसार ब्याङ्ककमा भत्किएको ३०-तले निर्माणाधीन भवनमा ५० जना मजदुर थिए। तीमध्ये सात जना बाहिर निस्किन सफल भए भने ४३ जना फसेका छन्। ब्याङ्ककमा कार्यरत बीबीसी संवाददाता थु बुईका अनुसार पहिलो भूकम्प जाँदा उनी घरमा खाना पकाउँदै थिइन्।

"म निकै आत्तिएँ," उनले भनिन्, "मलाई के भएको भन्ने थाहा भएन किनभने एक दशकदेखि ब्याङ्ककमा यस्तो भूकम्प गएको थिएन।" "मेरो अपार्ट्मेन्टमा मैले भित्तामा चिरा परेको र पौडीपोखरीबाट पानी छचल्किएको देखेँ। मानिसहरू चिच्याउँदै छन्।"

एउटा परकम्पपछि उनी अरू मानिसहरूसहित बाहिर सडकमा निस्किन्। ब्याङ्ककमा कार्यरत बीबीसीका अन्य कर्मचारीहरूले भूकम्पका कारण आफू भएको भवन निकै हल्लिएको बताएका छन्।ब्याङ्ककमा मानिसहरू आवासीय भवन र कार्यालयबाट सडकमा गएको र एउटा गगनचुम्बी भवनको छतमा अवस्थित पौडीपोखरीको पानी छचल्किएर भुइँमा पोखिएको देखिएको छ। भूकम्पका कारण ब्याङ्ककमा निर्माणाधीन एउटा अग्लो भवन भत्किएको छ। त्यहाँ उद्धारकर्ताहरूले खोजी गरिरहेका छन्।



म्यान्मारमा सैन्य शासकहरूले पहिलादेखि नै सञ्चारमाध्यम र इन्टर्नेटमा नियन्त्रण गरेका हुनाले त्यहाँबाट सूचना आउन सकेको छैन।

एउटा भिडिओमा म्यान्डलेस्थित विमानस्थलको धावनमार्गमा मानिसहरू भूकम्प जाँदा चिच्याएको र निहुरेर बसेको देखिएको छ। "तल बस, नभाग!" उक्त भिडिओमा एक जनाले भनेको सुनिन्छ। यद्यपि बीबीसीले उक्त भिडिओको आधिकारितका पुष्टि गरेको छैन। थाईल्यान्डमा भन्दा म्यान्मारमा बढी भूकम्प जान्छ।

सन् १९३० देखि १९५६ सम्म 'सगाइङ फल्ट'को छेउछाउमा छवटा ठूला भूकम्पहरू गइसकेका छन्। उक्त फल्ट म्यान्मारको मध्यभागमा रहेको समाचारसंस्था एएफपीले यूएसजीएसलाई उद्धृत गर्दै जनाएको छ।

## एनएसएल फुटबलः
# व्यावसायिक खेलमा फड्को

काठमाण्डु । नेपालबाट विगत केही समयदेखि स्थापित फुटबल खेलाडीसमेत विदेश पलायन भइसकेको अवस्थामा मुलुकमा खेलेर पनि बाँच्न सकिन्छ भन्ने सन्देश दिने लक्ष्यसहित नेपाल सुपर लिग फुटबल प्रतियोगिता एनएसएलको तेस्रो संस्करण शनिबारदेखि सुरु हुँदैछ । एनएसएल फुटबल नेपालकै पहिलो फ्रेन्चाइज खेलकुद प्रतियोगिता मानिएको छ ।

विसं २०८१ नेपालमा व्यावसायिक खेलको विकासका दृष्टिले उपलब्धिमूलक वर्ष सावित हुन पुग्यो । यस वर्ष भलिबल, क्रिकेट, कबड्डीलगायतय खेलको व्यावसायिक आयोजना भइसकेको छ, जसले नेपालमा व्यावसायिक खेलको विकासका लागि समयोचित वातावरण बनाउन भूमिका खेलेको छ । यही चैत १६ गते सुरु भई एनएसएल फुटबलका खेल आगामी नव वर्ष वैशाखको १३ गतेसम्म काठमाडौँको दशरथ रङ्गशालामा सञ्चालन हुनेछ। सिङ्गल राउण्ड रोविनका आधारमा हुने लिग चरणमा २१ खेलसहित कूल २५ खेल हुनेछन् । प्ले अफमा प्रवेश गरेका चार टोलीले फाइनलसहित चार खेल खेल्न पाउनेछन् । यसपाली चिसो मौसम समाप्त भएपछि प्रतियोगिता हुन लागेकाले रङ्गशालामा दर्शकहरुको उपस्थिति उल्लेखनीय हुने अनुमान गरिएको छ । गत वर्षको मङ्सिरमा प्रतियोगिताको दोस्रो संस्करण आयोजना हुँदा दर्शक चिसोमा पनि रङ्गशाला धाउन बाध्य भएका थिए ।

निजी क्षेत्रको नेपाल स्पोर्टस् एण्ड इभेन्ट मेनेजमेन्टले अखिल नेपाल फुटबल सङ्घको प्राविधिक सहयोगमा आयोजना गरेको एनएसएल फुटबलमा गत वर्षको विजेता ललितपुर सिटी एफसी, काठमाडौँ रेजर्स, झापा एफसी, एफसी चितवन, पोखरा थण्डर्स, बुटवल लुम्बिनी एफसी र धनगढी एफसी गरी सात टोलीबीच प्रतिस्पर्धा हुँदैछ। तर गत सिजनका सहभागी स्पोर्टिङ इलाम तथा युनाइटेड वीरगञ्ज टोलीको भने यसपाली सहभागिता रहेको छैन । यसरी विगतमा भएको नौ टोलीको सहभागिता सातमा झर्नु सुखद पक्ष होइन ।



### मार्की खेलाडी

यस प्रतियोगिताका लागि नेपाली फुटबलमा पहिचान बनाइसकेका खेलाडीमध्येबाट प्रत्येक टोलीमा एक जनालाई मार्की खेलाडीका रुपमा चयन गरिएको छ । मार्की खेलाडी बन्न सफल भएकामा नेपाली राष्ट्रिय फुटबल टोलीका सुपरिचित अनुहार छन् । अनन्त तामाङ ललितपुरमा, लाकेन लिम्बू झापा, अञ्जन विष्ट चितवन, रोहन कार्की काठमाडौँ, समीर तामाङ पोखरा, मनिष डाँगी बुटवल र कृतिशरन्त छुन्जु धनगढीको टोलीमा मार्की खेलाडीका रुपमा रहेका छन् । नेपाली राष्ट्रिय टोलीका कप्तान एंव मुलुक बाहिरसमेत व्यावसायिक खेल खेलिसकेका गोल किपर किरण चेम्जोङको अनुपस्थिति भने नेपाली दर्शकहरुका लागि खड्किनेछ ।

### पहिलो पटक अक्सन

नेपालमा केही महिनाअघि सम्पन्न नेपाल प्रिमियर लिग एनपिएल क्रिकेट हुँदा खेलाडीहरुको अक्सन गरिएको थियो । तर फुटबलका लागि पहिलो पटक अक्सन एनएसएलका सिलसिलामा गरिएको थियो । कूल ६० खेलाडीहरुको गरिएको अक्सनमा सबैभन्दा महँगो खेलाडी सावित भएकामा समूह 'ए'मा रहेका खेलाडी मणिकुमार लामा, दिनेश हेन्जन, पासाङ लामा, आशिष गुरुङ, अभिषेक लिम्बू, जिलेस्पीजङ्ग कार्की, सुमित श्रेष्ठ र सन्तोष खत्री छन् । उनीहरुले यो एउटै प्रतियोगिता खेलेर जनही रु चार लाखमा अनुबन्ध भएका छन् । तर अक्सनमा नेपाली राष्ट्रिय टोलीका लागि महत्वपूर्ण योगदान गरिसकेका भरत खवास, विकेश कुथुलगायतका खेलाडी नपर्नु दुःखद् पक्ष थियो । समूह 'ए' मा रहेका खेलाडी रु दुई लाखदेखि रु चार लाखसम्म तथा 'बी' समूहमा रहेकाहरु रु डेढ लाखदेखि रु दुई लाखसम्ममा अनुबन्ध भएका छन् ।

### विदेशी खेलाडीसँग खेल्ने अवसर

यस प्रतियोगितामा नेपाली खेलाडीले विभिन्न मुलुकका खेलाडीसँग खेल्ने अवसर प्राप्त गर्दैछन् ।

भुटान, हाइटी, प्यालिष्टाइन, सियरालियोन, नाइजेरिया, लेबनान, मोरक्को, उज्वेकिस्तान, सर्बियालगायतका खेलाडी नेपालका विभिन्न टोलीमा संलग्न भई खेल्दैछन् । यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगत रुपमा परिचित हुने मौका पाउनुका साथै उनिहरुको खेल कौशल सिक्न मौका पाउँछन् जुन नेपालका लागि पनि उपलब्धिमूलक हुन जानेछ। प्रतियोगितामा सहभागी सातवटै टोली प्रत्येकले बढीमा छ जनासम्म विदेशी खेलाडीलाई टोलीमा समावेश गर्न पाउने नियम रहेको छ ।

> एनएसएल फुटबल प्रतियोगिताको उद्घाटनका बेला शनिबार साङ्गीतिक कार्यक्रम पनि प्रस्तुत गरिने भएको छ । हालका चर्चित गायक दुर्गेश थापाले रङ्गशालामा आफ्नो विविध गीत प्रस्तुत कार्यक्रम रहेको छ ।

त्यसमध्ये एक जना एशियाली मुलुकका खेलाडी हुनुपर्ने व्यवस्था छ। एक खेलमा हरेक टोलीले पाँच विदेशी खेलाडीलाई मात्र मैदानमा उतार्न सक्नेछ।

नेपाली तथा विदेशी खेलाडीको यस सहकार्यले नेपाली खेलाडीलाई भोलिका दिनमा सम्भावनाको ढोका खोल्न सहयोगी सिद्ध हुने अनुमान गर्न सकिन्छ। यसै प्रतियोगिताका लागि विभिन्न टोलीले करार गरेर भित्र्याएका विदेशी प्रशिक्षकको प्रशिक्षण पनि नेपाली खेलाडीका लागि अविश्मरणीय मौका हुनेछ ।

विदेशमा रहेका नेपाली खेलाडी पनि

एनएसएल फुटबलमा प्रत्येक टोलीले गैरआवासीय नेपाली खेलाडीलाई पनि सहभागी बनाउन पाउने नियम बनाइएको छ । विदेशमा रहेका नेपालीलाई पनि टोलीमा समावेश गरिएबाट उनीहरुले स्वदेशमा आफ्नो खेल प्रदर्शन गर्न पाउनेछन् । गत वर्षको संकरणमा नेपाली राष्ट्रिय फुटबल टोलीमा महत्वपूर्ण खेलाडीको पहिचान बनाएका विमल घर्तीमगर अष्ट्रेलियाबाट यो प्रतियोगिता खेल्न नेपाल आएका थिए ।

### फुटबलमै रमाइलो

केही समयअघि दशरथ रंगशालामा सम्पन्न केपी वली कप फुटबलको फाइनलका दिन ख्वप ब्याण्डका बहुचर्चित गायक कुमार सागरको प्रस्तुतिलाई फुटबल प्रेमीहरुले अत्यधिक रुचाएका थिए । एनएसएल फुटबल प्रतियोगिताको उद्घाटनका बेला शनिबार साङ्गीतिक कार्यक्रम पनि प्रस्तुत गरिने भएको छ । हालका चर्चित गायक दुर्गेश थापाले रङ्गशालामा आफ्नो विविध गीत प्रस्तुत कार्यक्रम रहेको छ ।

### त्यो शून्य रङ्गशालाको सम्झना

विश्वमै कोभिडको सङ्क्रमण बढिरहेको बेलामा २०७८ सालमा नेपालमा पहिलो पटक एनएसएल फुटबल आयोजना भएको थियो । त्यस्तो जोखिमपूर्ण अवस्थामा प्रतियोगिता हुनुहुन्न भन्ने आवाज उठिरहेको बेला आयोजकले दशरथ रङ्गशालाको मैदानमा दर्शकहरुको उपस्थितिविना नै प्रतियोगिताको पहिलो संस्करण आयोजना गर्नु साहसिक कदम थियो । खेल गतिविधि शून्य अवस्थामा रहेका बेला विभिन्न मुलुकका खेलाडी यो प्रतियोगिता खेल्न नेपाल आएका थिए । नेपाली फुटबल प्रेमीले विश्वव्यापी महामारीका बेलामा घरमै बसेर टेलिभिजन तथा सामाजिक सञ्जालका माध्यमबाट खेल हेरेर अत्यधिक मनोरञ्जन लिएका थिए । आयोजकले अखिल नेपाल फुटबल सङ्घसँग कोभिडको प्रकोपअघि नै सम्झौता गरी प्रतियोगिता सुरु गर्ने लक्ष्य राखे पनि कोभिडका कारण प्रतियोगिता नरोकेर दशरथ रङ्गशालामा पहिलो पटक दर्शकविनाको खेल सञ्चालन गर्नु चुनौतिपूर्ण कार्य थियो ।

### अब महिला फ्रेन्चाइज पनि

नेपाली महिला फुटबल खेलाडीहरुको प्रतिनिधित्व विभिन्न अन्तरराष्ट्रिय लिग भइरहेको भए तापनि नेपालमा भने यसको व्यावसायिक अभ्यास सुरु हुन सकेको छैन । नेपालको प्रतिनिधित्व गर्दै सावित्रा भण्डारी फ्रान्स, अन्जिला तुम्बापो सुब्बा ग्रिस तथा रेखा पौडेल संयुक्त अरब इमिरेटसमा स्थानीय क्लबमा आबद्ध भएर व्यावसायिक लिग खेलिरहेका छन् । अब नेपालमा पनि महिलाहरुको फ्रेन्चाइज लिग हुने भएपछि व्यावसायिक खेलको माहोल बन्न सुरु हुने भएको छ ।

अखिल नेपाल फुटबल सङ्घले वार्षिक क्यालेण्डरमा आगामी २०८२ साल मङ्सिर १५ गतेदेखि माघ १५ गते फ्रेन्चाइज महिला लिग गरिने भएको कुरा उल्लेख गरिएको छ ।

समग्रमा नेपालको खेल क्षेत्रमा निजी क्षेत्रको झुकाव बढ्दै जानु समग्र खेलकुद जगतकै लागि सुखद पक्ष हो । यसले खेलकुदको व्यावसायीकरण गर्दै खेलाडीलाई जीवनयापनमा सहजता प्रदान गर्ने गर्दछ । खेलकुद प्रतियोगिता आयोजनाका साथै क्लबहरुमा लगानी गर्न निजी क्षेत्रबाट देखाएको उत्साहको निरन्तरताका लागि सरकारले यथोचित वातावरणको सिर्जना गरिदिनु पर्दछ । आयोजक पक्षले पनि तेस्रो संस्करणसमेत राजधानी केन्द्रित गरिएकाले आगामी वर्षका प्रतियोगिता बाहिर जिल्लामा आयोजना गर्नुपर्ने आवश्यकता देखिएको छ ।

करिब एक महिना जारी रहने एनएसएल प्रतियोगितामा नेपाली दर्शकले पक्कै पनि नेपाली तथा विदेशी खेलाडीको रोमाञ्चकारी खेल हेर्ने अवसर पाउनेछन् । यो प्रतियोगिताका माध्यमबाट नेपाली खेलाडीको सम्भावनाको ढोका खोल्ने अपेक्षा गरिएको छ । समग्रमा एनएसएल फुटबल प्रतियोगिताले नेपाली फुटबलको स्तर अभिवृद्धिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।रासस

# चीनका राष्ट्रपति सीद्वारा बङ्गलादेशी नेतासँग गहिरो सहकार्यको प्रतिबद्धता

एएफपी

बेइजिङ । ढाकाले भारतसँग चिसिएको सम्बन्धलाई सन्तुलित गर्न नयाँ मित्र खोजिरहेका बेला चीनका राष्ट्रपति सी जिनपिङले शुक्रबार बङ्गलादेशको अन्तरिम सरकार प्रमुख मुहम्मद युनुससँग गहिरो सहकार्यको वचन दिनुभएको छ ।

विद्यार्थी नेतृत्वको विद्रोहपछि नयाँदिल्ली भाग्नुभएकी स्वेच्छाचारी पूर्वप्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि युनुसले गत अगस्टमा बङ्गलादेशको कार्यभार सम्हाल्नुभएको थियो ।


भारत हसिना सरकारको सबैभन्दा ठूलो लाभदायक थियो र उहाँको पतनले सीमापारिको सम्बन्धलाई तल झारेको छ । यसको परिणति युनुसले भारतको सबैभन्दा ठूलो एसियाली प्रतिद्वन्द्वी चीनको पहिलो राजकीय भ्रमण गर्ने निर्णय गर्नुभयो ।सीले शुक्रबार युनुसलाई बेइजिङ 'द्विपक्षीय सहयोगलाई नयाँ स्तरमा लैजान बङ्गलादेशसँग काम गर्न इच्छुक' रहेको बताउनुभएको चिनियाँ सरकारी प्रसारण संस्था सिसिटिभीले जनाएको छ ।

सिसिटिभीका अनुसार सीले भन्नुभयो, "चीन... पारस्परिक विश्वासको आधारमा बङ्गलादेशका लागि एक राम्रो छिमेकी, राम्रो मित्र र राम्रो साझेदार बन्न दृढ छ ।

"उहाँले बेइजिङ र ढाकाले मुख्य हितमा 'एकअर्कालाई दृढतापूर्वक समर्थन' गर्नुपर्ने र राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्रता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने जस्ता मुद्दाहरूमा बङ्गलादेशलाई समर्थन गर्ने बताउनुभयो ।

दुई देशले पूर्वाधार निर्माण, जल संरक्षण र डिजिटल, समुद्री तथा वातावरणीय क्षेत्रमा सहकार्य गर्ने उहाँको भनाइ थियो ।

यस हप्ता ढाकाले युनुसको चीन भ्रमणले बङ्गलादेशले 'सन्देश पठाउँदैछ' भन्ने देखाएको बताएको थियो ।चौरासी वर्षीय नोबेल पुरस्कार



विजेता युनुसले शनिबार चिनियाँ राजधानीमा केही उच्चस्तरीय बैठकहरू गरेपछि घर फर्कनुहुने अपेक्षा गरिएको छ ।बङ्गलादेशी प्रशासनका अनुसार दुवै देशबीच आर्थिक र प्राविधिक सहायता, सांस्कृतिक र खेलकूद सहयोग तथा मिडिया सहकार्यमा सम्झौताहरू हस्ताक्षर हुने अपेक्षा गरिएको छ ।

रोहिङ्ग्या शरणार्थीको विशाल जनसंख्याका बारेमा पनि छलफल हुने अपेक्षा गरिएको छ ।

तीमध्ये अधिकांश सन् २०१७ मा छिमेकी म्यानमामा भएको हिंसात्मक सैन्य दमनबाट भागेका थिए ।चीनले विगतमा उत्पीडित अल्पसंख्यक रोहिङ्ग्याहरूको स्वदेश फिर्तीका लागि मध्यस्थकर्ताका रूपमा काम गरेको छ । यद्यपि म्यानमाले उनीहरूलाई फिर्ता लिन नचाहेका कारण प्रयासहरू रोकिएका छन् ।

### भारतीय तनाव

युनुसको बेइजिङ भ्रमणसँगै भारतीय र बङ्गलादेशी वरिष्ठ पदाधिकारीहरूबीच धेरै पटक पारस्परिक आरोपहरू निम्त्याएको छ ।यी तनावले बङ्गलादेशीहरूको भारतमा चिकित्सा पर्यटनको प्रवाहलाई पनि लगभग पूर्ण रूपमा रोकेको छ जहाँ हजारौँले हरेक वर्ष आफ्नो ठूलो छिमेकीको हेरचाह गर्न सीमा पार गर्थे ।ढाकाका शीर्ष विदेश मन्त्रालय वरिष्ठ अधिकारीले यस हप्ता बेइजिङमा चिनियाँ 'मैत्री अस्पताल' स्थापना गर्ने कुरामा छलफल हुने बताउनुभएको थियो ।

युनुसको अन्तरिम सरकारसँग सन् २०२६ मध्यसम्ममा हुने नयाँ निर्वाचनअघि लोकतान्त्रिक सुधारहरू लागू गर्ने कठिन कार्य छ ।अन्तरिम सरकारले हसिनाको सरकार ढाल्ने अशान्तिका क्रममा सयौँ प्रदर्शनकारीको हत्या गरेको मानवता विरुद्धको अपराधको अभियोगमा हसिनालाई प्रत्यर्पण गर्न भारतलाई अनुरोध गरेको छ तर सफल भएको छैन ।

युनुसले सम्बन्ध पुनःस्थापित गर्ने प्रयासमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट गर्न खोज्नुभएको छ ।

दुवैलाई अर्को महिना बैंककमा हुने क्षेत्रीय सम्मेलनमा उपस्थित हुने अपेक्षा गरिएको छ ।उहाँको सरकारले अहिलेसम्म कुनै प्रतिक्रिया प्राप्त गरेको छैन । भारतीय विदेशमन्त्री एस जयशङ्करले अनुरोध 'समीक्षामा रहेको' बताउनुभएको छ ।

# ट्रम्पको कर दृष्टिकोण बुझ्न कठिन छ : जापानी प्रधानमन्त्री

एएफपी

टोकियो । जापानी प्रधानमन्त्री शिगेरु इशिबाले शुक्रबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आयातित कार र पाट्र्समा २५ प्रतिशत शुल्क लगाउने निर्णयलाई 'बुझ्न कठिन' भएको बताउनुभएको छ ।

केही हप्ताअघि इशिबा र ट्रम्पबीच मैत्रीपूर्ण वार्ता भएको केही समयपछि यो कर वासिङ्टनको सबैभन्दा नजिकको आर्थिक तथा रणनीतिक सहयोगीहरूमध्ये एक जापानका लागि ठूलो झट्का साबित भएको छ । जापानी अटो कम्पनीका सेयरहरू शुक्रबार दोस्रो दिन पनि घटेका छन् ।"राष्ट्रपति ट्रम्पले के भनिरहनुभएको छ भने मित्र र शत्रु दुवै छन् र मित्रहरू अझ कठिन हुन सक्छन् । यो बुझ्न निकै कठिन छ", विधायिका समितिको सत्रमा इशिबाले भन्नुभयो ।

"अमेरिकाका व्यापार साझेदारहरूले हाम्रो जागिर लिइरहेका छन्, हाम्रो सम्पत्ति लिइरहेका छन्, धेरै चीजहरू लिइरहेका छन्", नयाँ सवारी करको घोषणा गर्दै ट्रम्पले ह्वाइट हाउसमा भन्नुभयो, "उनीहरूले हाम्रो देशबाट धेरै कुरा लिएका छन्, मित्र र शत्रु दुवैले । र वास्तवमा, मित्रले अझ खराब काम गरेका छन् ।"यी कदमले अमेरिकाका मित्र राष्ट्रहरूमा चिन्ता उत्पन्न गरेको छ ।प्रधानमन्त्री मार्क कार्नीले गहिरो द्विपक्षीय



सम्बन्धको युग 'समाप्त' भएको घोषणा गर्दै देशको अटो उद्योगलाई ध्वस्त पार्न सक्ने ट्रम्पको भन्सार शुल्कप्रति क्यानाडाले तीव्र प्रतिक्रिया जनाएको छ ।

"यसको जापानी अर्थतन्त्रमा प्रभाव अत्यन्त महत्त्वपूर्ण हुनेछ । यसमा ठूलो झगडा गर्नुमा केही फाइदा छैन । हामी वासिङ्टनलाई तार्किक रूपमा बुझाउनेछौँ", जापानका लागि इशिबाले चेतावनी दिनुभयो, "मुख्य कुरा के हो भने, जापानमा यति उच्च भन्सार शुल्क लगाउँदा संयुक्त राज्य अमेरिकालाई कुनै विशेष लाभ हुँदैन ।"जापानमा १० प्रतिशत रोजगारी अटो उद्योगसँग जोडिएको छ ।प्रधानमन्त्री इशिबाले बिहीबार जापानले भन्सार शुल्कको 'उपयुक्त' प्रतिक्रियाको समीक्षा गरिरहेको बताउनुभयो ।

सरकारी प्रवक्ता योसिमासा हयासीले भन्नुभयो, "वर्तमान कदमहरू र अमेरिकी सरकारका अन्य व्यापक व्यापार प्रतिबन्धहरूले जापान र संयुक्त राज्य अमेरिकाबीचको आर्थिक सम्बन्धका साथै विश्व अर्थव्यवस्था र बहुपक्षीय व्यापार प्रणालीमा उल्लेखनीय प्रभाव पार्न सक्छन् भन्ने हामी विश्वास गर्छौं ।"ट्रम्पको यो कदमले पहिले नै स्टिल र एल्युमिनियममा लगाइएका भन्सार शुल्कहरूका कारण असुरक्षित रहेका लगानीकर्ताहरूलाई चिन्तित बनाएको छ ।

दिउँसो कारोबारमा टोयोटा चार दशमलव ७६ प्रतिशत, होन्डा चार दशमलव ७७ प्रतिशत र निसान दुई दशमलव ९७ प्रतिशतले घटेका छन् । यो गिरावट बिहीबारको ठूलो गिरावटको निरन्तरता थियो ।एक सरकारी स्रोतका अनुसार दक्षिण कोरिया, जापान र चीनका शीर्ष व्यापार अधिकारीहरू आर्थिक सहयोगबारे छलफल गर्न आइतबार सियोलमा भेट्ने तयारी गरेका छन् ।

# पूर्व प्रधानमन्त्री हसिनाविरूद्ध मुद्दा दायर

एएफपी

ढाका । बङ्गलादेशी प्रहरीले पूर्व प्रधानमन्त्री शेख हसिनाविरुद्ध अन्तरिम सरकारविरूद्ध षडयन्त्र गरेको आरोपमा नयाँ फौजदारी मुद्दा दायर गरेको शुक्रबार जनाएको छ।गत अगष्टमा विद्यार्थी नेतृत्वको क्रान्तिमा सत्ताच्युत भएपछि हसिना अहिले छिमेकी मुलुक भारतमा निर्वासित अवस्थामा हुनुहुन्छ ।

पूर्व प्रधानमन्त्री हसिना र उहाँको अवामी लिग पार्टीका शीर्ष नेता तथा कार्यकर्ता वफादारहरू विरुद्ध धेरै आपराधिक अभियोगहरू जारी गरिएका छन् । हसिना नेतृत्वमा रहँदा सुरक्षा बलहरूले गत वर्षको विद्यार्थी आन्दोलनका समयमा सयौँ प्रदर्शनकारीहरूको हत्या गरेको थियो ।

गत डिसेम्बरमा अवामी लिगका करिब ६०० सदस्यको उपस्थितिमा भएको भर्चुअल बैठकमा हसिनालाई सत्तामा फर्काउने उद्देश्यले 'बंगलादेशमा गृहयुद्ध छेड्ने' षड्यन्त्र रचेको प्रहरीले उल्लेख गरेको छ ।

"देशभित्र र बाहिर रहेका अवामी लिग समर्थक धेरैले अन्तिम अवस्थासम्म लडाइँ जारी राख्ने प्रतिबद्धता जनाएका हसिनाविरूद्धको मुद्दामा उल्लेख गरिएको छ ।

प्रहरी प्रवक्ता जसिम उद्दीन खानले एएफपीसँग कुरा गर्दै सुरुमा हसिना र अन्य ७२ जनाविरुद्ध आरोप लगाइएको तर अनुसन्धान अघि बढेसँगै प्रतिवादीको सङ्ख्या बढ्न सक्ने बताउनुभयो । "भर्चुअल मिटिङमा ५७७ जना सहभागी भएका थिए । हामी उनीहरूको भूमिकाबारे अनुसन्धान गरिरहेका छौं र यदि षडयन्त्रमा संलग्न भएको पाइएमा उनीहरूमाथि मुद्दा चलाइनेछ," उहाँले भन्नुभयो ।

# किसानलाई चैते धान रोप्न चटारो

तानसेन । आलु, गहुँलगायत बाली भित्र्याएका पाल्पाका किसानलाई चैते धान रोपाइँको चटारो थपिएको छ। यहाँका पूर्वखोला, रामपुर, रम्भा, निस्दीलगायत फाँटका अधिकांश किसान एक सातायता चैते धानको रोपाइँमा व्यस्त छन्।

पूर्वखोला गाउँपालिका-३ कलौलीकी गोमाया कामु अहिले चैते धान रोप्न व्यस्त हुनुहुन्छ । गर्मी मौसमका कारण अन्य स्थानमा खडेरी परेको समयमा उहाँको परिवारलाई भने कुलोको पानीले सिञ्चित



भएको पाँच रोपनी खेतमा चैते धान रोप्न भ्याइनभ्याइ छ। पानीको सुविधा भएको र उत्पादन पनि हुने भएकाले बर्सेनि चैते धान रोप्दै आएको कामु बताउनुहुन्छ।

"चैते धानका लागि पानीको समस्या हुँदैन । उत्पादन पनि राम्रै हुन्छ", उहाँले भन्नुभयो, "त्यसैले वर्षौंदेखि निरन्तर हामीले चैते धान रोप्दै आएका छौं ।" चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान खेती गर्ने कामु बर्खे धानभन्दा चैते धान पर्याप्त उत्पादन हुने बताउनुहुन्छ।

गोमाया जस्तै डढेटाका सोमबहादुर थापालाई पनि चैते धान रोप्ने चटारो छ। खेत जोत्ने, पानी मिलाउने, ब्याड काट्नेदेखि धान रोप्न उहाँको परिवारलाई भ्याइनभ्याइ छ। उहाँले करिब दुई कट्ठा खेतमा चैते धान रोप्न थालेको बताउनुभयो।

"फागुनमा राखेको धानको ब्याड हो । चैतको अन्तिमतिर रोपिसक्नुपर्ने हुन्छ", थापाले भन्नुभयो, "धान रोपेर सक्ने तयारीमा छौं ।" बेमौसमी खेतीका रूपमा रोपिने चैते धानबाट मनग्य आम्दानी हुने भएपछि आफ्नो परिवारले धेरै पहिलेदेखि नै चैते धान रोप्दै आएको उहाँ बताउनुहुन्छ। उहाँहरु जस्तै यहाँका डढेटा, लाबे, सातबिसे, खैरेनी, आठबिसे, कलौली, चेवा मङ्गला, सुखौरा लगायतका फाँटका प्रायः किसानलाई चैते धानको रोपाइँको हतारोले एकैछिन फुर्सद छैन।

महिला हरियो धानको बीउ काँढ्न र रोप्नमा व्यस्त देखिन्छन् भने पुरुष खेत हिलाउन, आली गरा मिलाउनमै व्यस्त छन्। कतै किसानले हल गोरु लगाएर खेत जोतिरहेका छन् भने कतै गोरुको सट्टा ट्र्याक्टरको प्रयोग गरी हिलो फेटेको देखिन्छ। सिँचाइ सुविधा भएकाले चैत र बर्खा गरी दुईपटक धान रोप्ने चलन रहेको छ । यहाँ फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने प्रचलन रहेको छ । "सबै छिमेकी जम्मा भएर आपसमा रोपाइँको मेलापातमा सघाइरहेका छौं। यो बेला हाम्रा लागि व्यस्त समय हो", डढेटाका किसान मनु दिसुवाले भन्नुभयो, "यहाँ पानीको स्रोतको समस्या नभएकाले धमाधम रोपाइँ भइरहेको छ।"

यहाँका अधिकांश किसान वर्षौंदेखि चैते धानमा आकर्षित हुँदै आएका छन्। पूर्वखोलावासीले घरको धान प्रयोग गर्न कात्तिक महिना नै कुर्न पर्दैन, असार साउनमा पनि नयाँ धान भित्र्याएर आम्दानी गर्न सक्छन् । आफूले जानेदेखि नै हिउँदे धान रोप्दै आएको कलौलीकी किसान अग्निश्वरा बाह्रघरेले बताउनुभयो। अधिकांश ठाउँका युवा विदेश गइरहेका बेला डढेटाका केही युवा भने कृषिमै लागेका छन् । डढेटा फाँटमा आली गरा मिलाउँदै गरेको अवस्थामा युवा देखिन्थे।

आली लगाउँदै गर्नुभएका शिव दिसुवाले पुस्तौंदेखि आमाबुबाले लगाउँदै आएको धानखेतीलाई आफूले पनि निरन्तरता दिँदै आएको बताउनुभयो। असारमा हुँदै आएको धान रोपाइँ चैत महिनामा पनि देख्न पाउँदा त्यहाँ पुग्ने नयाँ पुस्ता भने दङ्ग छन्। कृषिमा आधुनिक प्रविधिसँगै बेमौसमी खेतीको प्रयोग बढ्दै गएको पाइन्छ।

विशेष गरी यहाँका वडा नं २, ३ र ४ मा रहेका फाँटमा चैते धान रोपाइँ हुने गरेको गाउँपालिकाकी कृषि शाखा प्रमुख चाँदनी चौधरीले बताउनुभयो । उहाँका अनुसार यहाँ १५ हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुने गरेको छ। यस वर्ष सोमबारसम्म १० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको उहाँले बताउनुभयो । यहाँका अधिकांश फाँटमा पर्याप्त मात्रमा सिचाँइको सुविधा भएकाले कृषक दुई याम नै धानखेतीतर्फ आकर्षित हुने गरेका छन्।

कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाउने गरेको पालिका अध्यक्ष नुनबहादुर थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले बीउविजन, मल, प्राविधिक सहयोग कृषि क्षेत्रमा गर्दै आएका छौं, त्यसैले पनि कृषक कृषि कर्म गर्न उत्साहित हुनुहुन्छ ।" यहाँका खोलाबाट कुलो बनाएर कृषकले धान रोप्ने गरेको अध्यक्ष थापाले बताउनुभयो।

विगतमा स्थानीय जातको धान लगाउँदा कृषकले उत्पादन कम गरे पनि पछिल्लो समय उन्नतजातको बीउ लगाउन थालेपछि उत्पादनमा समेत वृद्धि भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले बताउनुभयो। उहाँले बाँझो जग्गाको सदुपयोग गर्ने गरी कृषकलाई पालिकाले प्रोत्साहनका कार्यक्रम समेत ल्याउने गरेको बताउनुभयो । पाल्पाका अन्य फाँटहरुमा पनि यतिबेला चैते धान रोप्ने चटारो छ। फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने चलन रहेको छ। पाल्पामा नियमित रुपमा कुलो लाग्ने र प्रसस्त पानी भएका खोला नालाका फाँटमा चैते धान रोप्ने गर्छन्।

जिल्लामा धानबाली लगाइने फाँटमध्ये ६२० हेक्टरमा चैते धानको खेती गरिन्छ भने ७०० कृषकले चैते धान लगाउँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । हिउँदे धानखेती गरेपछि चामल किन्न नपर्ने यहाँका किसानको भनाइ छ। बेमौसमी कृषि खेती गर्ने प्रचलन बढे पनि हिउँदे धान रोपाइँ भने परम्परादेखि हुँदै आएको हो। हिउँदे धानको उत्पादनले धेरै परिवारलाई राहत मिलेको छ । बाह्रैमास सिँचाइको सुविधा विस्तार गर्न सकेमा पाल्पाका अन्य फाँटमा पनि हिउँदे धान रोप्न सकिने हावापानी रहेकाले सरकारले सिँचाइ सुविधा उपलब्ध गराउन ध्यान दिन जरुरी छ।रासस

# म्याद सकिएको दुई वर्षपछि रावण पार्क निर्माण थालियो



म्याग्दी । म्याद सकिएको दुई वर्षपछि बेनी नगरपालिका-५ पछैमा रावण पार्क निर्माणको कामले गति लिएको छ । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०७७ साल फागुनमा धर्म एस कास्यप जेभीले रु एक करोड ७६ लाखमा ठेक्का सम्झौता गरेको रावण पार्क निर्माणकार्यले पछिल्लो दुई महिनायता तीव्रता पाएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयको ७० र बेनी नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा रावणको मूर्तिसहित पार्क निर्माण गर्न थालिएको थियो।

य ा े ज न ा क ा बारेमा नगरपालिकाले नियमित प्रतिवेदन बुझाउन नसक्दा आव २०७९/८० र २०८०/८१ मा बजेट व्यवस्थापन हुन नसकेको योजनाका निर्माण व्यवसायी पनि पन्छिन खोजेपछि निर्माण ४४ महिनासम्म निर्माण रोकिएको थियो। लामो समयको प्रयासपछि बजेट व्यवस्थापन गरेर २०७८ साल असारदेखि रोकिएको रावण पार्क निर्माणकार्यलाई लयमा फर्काएको बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो।

"पार्कमा घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माणको काम करिब सकिएको छ । रावणको मूर्ति राख्ने ठाउँमा जग खन्न थालेका छन्", उहाँले भन्नुभयो, "जसोतसो पार्क बन्ने देखिए पनि सर्वोच्च अदालतमा परेको मुद्दाको टुङ्गो नलागेसम्म रावणको मूर्ति राख्ने विषयमा अन्योल सृजना भएको छ ।"ठेकेदारले रु १८ लाख खर्चेर पार्कमा राख्ने छ मिटर अग्लो रावणको मूर्ति तयार पारेका छन्। पर्वतका केदारनाथ दासले गत असारमा सर्वोच्च अदालतमा दायर गरेको रिटमा रावणको प्रतिमा नराख्न अन्तरिम आदेश दिएको थियो।

**ऋषिमुनिहरूले तपस्या गरेको स्थानमा रावणको मूर्ति राख्न नहुने तर्कसहित परेको मुद्दामा अदालतबाट फैसला हुन भएको ढिलाइले अन्योल भएको वडाध्यक्ष बानियाँले बताउनुभयो ।**

ऋषिमुनिहरूले तपस्या गरेको स्थानमा रावणको मूर्ति राख्न नहुने तर्कसहित परेको मुद्दामा अदालतबाट फैसला हुन भएको ढिलाइले अन्योल भएको वडाध्यक्ष बानियाँले बताउनुभयो । पछैस्थित पुलाश्रम मन्दिरका पुजारी जगदीश सुवेदीका अनुसार हिन्दू धर्मग्रन्थ रामायणका पात्र पुलह, पुलत्य ऋषिको तपोभूमि पछैमा रावण जन्मिएको र उनको नावी गाडेको ठाउँमा राखिएको शिला अझै सुरक्षित छ।

करिब १४ रोपनी क्षेत्रफलमा फैलिएको पुलाह आश्रम क्षेत्रमध्ये चार रोपनीमा पार्क बनाउन लागिएको हो । आश्रममा रहेका ऋषिमुनि मन्दिर, हवन कुण्ड, रावणको नाभी गाडिएको भनिने स्थानलाई यथावत संरक्षण गरी रावणको मूर्तिसहित बगैंचा, विश्रामस्थल, घेरबार र जमिन संरक्षणलगायत पूर्वाधार निर्माणको काम ७० प्रतिशत सकिएको ठेकेदार कम्पनीका प्रतिनिधिले बताएका छन्।

घेराबारका लागि पर्खाल निर्माण भइसककेको छ । पार्क निर्माणले पर्यटन प्रवर्द्धन हुने स्थानीयले आशा गरेका छन् । समुद्री सतहदेखि दुई हजार मिटर उचाइमा रहेको रावण पार्क निर्माणस्थल पछैबाट धवलागिरि, नीलगिरि, अन्नपूर्ण हिमशृङ्खला, सूर्योदयको मनोरम दृश्यका साथै म्याग्दी र कालीगण्डकी नदी दोभानमा अवस्थित बेनीसहित जिल्लाका अधिकांश भूगोलको दृश्यावलोकन गर्न सकिन्छ।

यहाँ पुलह, कपिल र जडभरत ऋषिले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ। रामायणको पाँचौं अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ । पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेको रामायणमा व्याख्या गरिएको छ । विसं २०६६ मा म्याग्दी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रमोदकुमार श्रेष्ठलगायतले धार्मिक पर्यटकलाई लक्षित गरेर बेनीमा उद्यान बनाउने योजनाको परिकल्पना गर्नुभएको थियो।

विसं २०७४ देखि नै बजेट विनियोजन गरे पनि ठाउँको विवाद र स्रोतको अभावमा रामायण उद्यानको योजना कार्यान्वयन हुनसकेको थिएन। रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर




काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३६ रुपैयाँ ९६ पैसा र बिक्रीदर १३७ रुपैयाँ ५६ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १४७ रुपैयाँ ७० पैसा र बिक्रीदर १४८ रुपैयाँ ३५ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७७ रुपैयाँ १८ पैसा र बिक्रीदर १७७ रुपैयाँ ९५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५४ रुपैयाँ ९८ पैसा र बिक्रीदर १५५ रुपैयाँ ६६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ८६ रुपैयाँ ८३ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ ८८ पैसा र बिक्रीदर ९६ रुपैयाँ ३० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ २६ पैसा र बिक्रीदर १०२ रुपैयाँ ७१ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ०८ पैसा र बिक्रीदर नौ रुपैयाँ १२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ८५ पैसा र बिक्रीदर १८ रुपैयाँ ९४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७४ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ ०६ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ९१ पैसा र बिक्रीदर ३१ रुपैयाँ ०४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ६६ पैसा र बिक्रीदर १३ रुपैयाँ ७२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८० पैसा र बिक्रीदर १९ रुपैयाँ ८९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ६१ पैसा र बिक्रीदर १७ रुपैयाँ ६९ पैसा, कुवेती दिनार एकको खरिददर ४४४ रुपैयाँ ०६ पैसा र बिक्रीदर ४४६ रुपैयाँ, बहराइन दिनार एकको खरिददर ३६३ रुपैयाँ २७ पैसा र बिक्रीदर ३६४ रुपैयाँ ८६ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रुयैयाँ ७६ पैसा र बिक्रीदर ३५७ रुपैयाँ ३२ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ।रासस

# यस्तो छ सागसब्जी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु ३०, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ४०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ५०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २०, भन्टा लाम्चो प्रतिकिलो रु ३५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु ९० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ८०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ८०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ८०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ६०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु ९०, घिरौला प्रतिकिलो रु ८०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकिलो रु ६० तथा भिण्डी प्रतिकिलो रु १४० कायम गरिएको छ।



यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ८०, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकिलो रु ५०, मेथीको साग प्रतिकिलो रु ७०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १३०, च्याउ (डल्ले) प्रतिकिलो रु २५० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु २००, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ७०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ७०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु २५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ७०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३३, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकिलो रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १३०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १०० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ९०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ६०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १८०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय माधवनारायण, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| विलान चौधरीको बुहारी, वीरेन्द्र चौधरीको पत्नि, रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. ३ बस्ने **रेनु देवी** (ना.प्र.नं. ३२३०१४/५२२, जारी मिति २०६३/११/१३, जि.प्र.का. रौतहट) । | गेना चौधरीको नाति, विलान चौधरीको छोरा, रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. ३ बस्ने **विरेन्द्र चौधरी** (ना.प्र.नं. ३२३०१४/१२५, जारी मिति २०६३/११/१३, जि.प्र.का. रौतहट) । |
| **धितोको विवरण** | |
| रेनु देवी (ना.प्र.नं. ३२३०१४/५२२, जारी मिति २०६३/११/१३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, सखुआवा गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ ख हाल रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. ३ स्थित कि.नं. १०१० र ११२० को क्षेत्रफल क्रमशः ०-०-३/४-० ०-०-१२१/४-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : माधवनारायण, रौतहट

फोन नं. ९८०१८६२२८८

Website : www.siddharthabank.com

# आफैले गरेको निर्णयलाई बेवास्ता गर्दै जनकपुर विमानस्थल

टुडे समाचारदाता



जनकपुरधाम । जनकपुर विमानस्थलको पार्किंगस्थललाई लिएर विभिन्न गुनासाहरु आउँदै गर्दा केही महिना अघि मात्रै केही मिनेटसम्मका लागि पार्किंगस्थलमा सवारीसाधन पार्क गरे वापतको शुल्क नलिने निर्णय गरेको थियो । तर केही महिना पछि सो निर्णयलाई बेवास्ता गर्दै जनकपुर विमानस्थलले मनपर्दी असुली गर्न थालेको छ ।

जनकपुर विमानस्थलमा यात्रुहरूलाई ५ देखि १० मिनेटसम्मको पिक अप र ड्रूप गर्नको लागि कुनै शुल्क नलाग्ने संयुक्त निर्णय कागजको खोस्टोमै सिमित भएको छ ।

जनकपुर विमानस्थलको पार्किंग स्थलमा दुई मिनेटका लागि पनि सवारी साधन राख्दा यात्रुहरूसंग ठेकेदारमार्फत अनिवार्य रूपमा मनपर्दी शुल्क सेवाग्राहीसंग असुली रहेका छन् ।

गत फागुन ७ गते बसेको सरोकारवालाहरूको संयुक्त बैठकमा गरिएको निर्णयको ठेकेदारले खुलमखुल्ला अवज्ञा गर्दै यात्रुहरूसँग जर्बजस्ती शुल्क असुल्ने गरेको पाइएको छ भने जनकपुर विमानस्थल प्रशासन भने गुपचुप देखिएको छ ।

शुक्रबार जनकपुर विमानस्थल पुगेका एक यात्रुले पार्किंग स्थलमा २ मिनेटको लागि आफ्नो स्कुटर पार्क गर्दा ठेकेदारका प्रतिनिधि कृष्णाले यात्रुहरुसंग जर्वजस्ती शुल्क असुलेका थिए । यस सम्बन्धमा विमानस्थल प्रमुख तेजबहादुर बुढ थापासँग बुझ्न जाँदा उनले पार्किंक शुल्क बारे सरोकारवालाहरूबीच रकम असुली नगर्ने बारे निर्णय नभएको जिकिर गरे ।


जनकपुर विमानस्थलले आफैले गरेको निर्णयलाई लत्याउँदै यात्रुहरुसंग रकम असुली गर्ने विमानस्थल प्रमुख तेजबहादुर बुढ थापाले बताए ।

विमानस्थलमा ५ देखि १० मिनटसम्मको पिक अप र ड्रूपको लागि यात्रुहरूलाई कुनै शुल्क नलाग्ने निर्णय आफू मान्न बाध्य नभएको उनले जिकिर गरे ।

स्मरणीय कुरा यो छ की सो बैठकमा मुख्यमन्त्री सतीशकुमार सिंह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, धनुषा प्रहरीका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीलगायतका सरोकारवाला व्यक्तिहरूको संयुक्त छलफल र सहमतिमा जनकपुर विमानस्थलमा १० मिनटसम्मको सवारीसाधनले पिक अप र ड्रूपको लागि यात्रुहरूलाई कुनै शुल्क नलाग्ने निर्णय गरिएको थियो ।

तर यात्रुहरूलाई सुलभ सेवा दिनुपर्ने जनकपुर विमानस्थलले ठेकेदारसंगको सेटिंगमा मनपरी रकम असुलीमा व्यस्त छन् ।

# ‘यसकारण संघीयता आवश्यक’





रामरिझन यादव


कुनै पनि मधेशीले राप्रपाको यो आन्दोलनलाई समर्थन, सहयोग वा सहभागी हुनुभन्दा पहिले आफ्नो गर्विलो इतिहास पढौँ । बुझौँ र आत्मसात गरौँ । वर्तमानमा केही नेताहरूले सिद्धान्तसँग व्यापार गरेर पुर्खालाई बदनाम गरेको कुराको लहैलहैमा लागेर पश्चगमनकारीलाई समर्थन नगरौँ ।

त्यसैले वि.स. २००८ सालदेखि हाम्रा महान पुर्खाहरूले हाकेको अनवरत आन्दोलनलाई सन्ततिहरूले आधा शताब्दी पश्चात प्राप्त गरेको सफलतामाथि कसैले प्रश्नवाचक चिन्ह खडा गर्न दुस्साहस गर्छ भने त्यसलाई मुहतोड जवाफ दिऔँ । किनभने त्यो कुनै पनि मधेशीको लागि कुनै पनि अवस्थामा सहनीय हुन सक्दैन । अढाई सय वर्षदेखि लादेको एकात्मक केन्द्रीकृत राजतन्त्रात्मक निरंकुश शासन प्रणालीले मुलुकमा सबैभन्दा अहित कुनै समुदायलाई गऱ्यो भने त्यो तराइवासी मधेशी हो । तसर्थ यसबाट छुटकारा पाउन पुर्खाहरूले मधेशको मूल माग स्वायतता राख्यो, जो संघीयताको रूपमा अहिले प्राप्त भएको छ । यसलाई सरक्षण सम्वर्द्धन गर्नु हाम्रो कर्तव्य हो । पुर्खाको नासोलाई धरोहरको रूपमा गर्व गर्नु र त्यसलाई सुरक्षित बाटोतर्फ डोऱ्याउनु हाम्रो दायित्व हो । तर राप्रपा जो नेपालको इतिहासमा गोर्खा परिषद्का अर्को संस्करण हो, त्यसले हाम्रो संघीयतालाई बर्खास्तगीको मुद्दा बनाएका छन् । के त्यो मधेश र मधेशीको हितमा छन् ? यदि छैनन् भने राप्रपा हाम्रो दुश्मन हो भन्ने कुरा बुझ्नु पर्छ । त्यस्तै गणतन्त्रको मूल माग पनि सबैभन्दा पहिले मधेशको धर्तीबाट उठेका थिए, जसको प्रणेता महामना रामराजा प्रसाद सिंह हुनुहुन्थ्यो । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्र हाम्रो पुर्खाले गरेको संघर्षको देन हो । यसप्रति विश्वासघात गर्नेहरू मधेश र मधेशीको लागि कलंक हुन् ।









त्यसपछि उनले सामाजिक सञ्जालमा अर्को स्टेटस पोस्ट गर्दै लेखेका छन्, ‘के यही हो राजतन्त्र पुनर्स्थापनाको लागि गरिएको आन्दोलन ? के यसरी नै राजालाई फर्काउने हो ? यदि हो भने तरिका राम्रो भएन । पहिलो गासमा नै ढुंगा फसेको जस्तो लाग्यो । आखिर सरकारले शान्तिपूर्ण रूपले तीनकुनेमा सभा गर्ने अनुमति दिइसकेपछि निषेधित क्षेत्र तोड्न किन दुष्प्रयास गरियो भन्ने कुरालाई बुझ्ने हो भने यिनीहरू आजै राजालाई नारायणहिटी पुऱ्याउन खोजेका थिए जस्तो लाग्छ । वाह रे आन्दोलन्कारी !’

# लाइन होटलहरूमा मुख्यमन्त्रीको छापा



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको पूर्व-पश्चिम राजमार्गस्थित लाइन होटेलहरुमा मुख्यमन्त्री सतीश कुमार सिंहले छापामारेका छन् ।

जिल्लाको लालगढस्थित लाइन होटेलहरुमा आकस्मिक अनुगमन गरी छापामारेका हुन् ।

मुख्य राजमार्गमा यात्रुहरूलाई अखाद्य तथा गुणस्तरहीन खाना खुवाउने जनगुनासो बढेपछि मुख्यमन्त्री सिंहले धनुषाको मिथिला नगरपालिका- १०, लालगढस्थित करिब १२ वटा लाइन होटलमा छापामारेका छन् ।

अनुगमनका क्रममा अधिकांश होटल मापदण्ड विपरीत सञ्चालन भइरहेको तथा स्वच्छ खानेकुरा तथा पिउने पानीको अभाव रहेको पाइएको मुख्यमन्त्री सिंहले बताए । होटलहरूको भान्सामा फोहोर व्यवस्थापनको अभावतथासरसफाइमालापरवाही देखिएको बताए । उनले खानाको गुणस्तरमा सुधार आवश्यक रहेको भन्दै एक हप्ताभित्र सुधार गर्न निर्देशन दिएका छन्। सुधार नभएमा सम्बन्धित होटलहरू बन्द गरिने चेतावनीसमेत दिए ।

उनले रात्रि बसका चालक तथा सवारीधनीहरूलाई यात्रुहरूको स्वास्थ्य सुरक्षाका लागि मापदण्ड विपरीत सञ्चालन भइरहेका होटलहरूमा बस नरोक्न निर्देशन दिए ।

# राजावादीले आगो लगाएको घरमा जलेर पत्रकारको मृत्यु

टुडे समाचारदाता

काठमाण्डु । काठमाण्डुस्थित तीनकुनेको भवनमा लागेको आगोमा जलेर एक जना पत्रकारको मृत्यु भएको छ ।

सो भवनको छतमा चढेर टेलिभिजनका लागि दृष्य खिचिरहेका सुरेश रजकको मृत्यु भएको छ ।

राजावादीहरुले तीनकुनेमा गरेको प्रदर्शनमा प्रहरीसँग झडप भएपछि एक भवनमा आगजनी भएको थियो । सो घटनालगत्तै रजक सम्पर्कविहीन भएका थिए ।

एभिन्युज टेलिभिजनका सम्पादक शिव दाहालले भने, ‘रिपोर्टिङमा गएको साथी सम्पर्कविहीन हुनुहुन्छ । अस्पतालतिर पनि भएको जानकारी छैन ।’



एभिन्युज टेलिभिजनका अर्का एक पत्रकारले सो घरभित्र आफ्नो साथी भएको जानकारी प्रहरीलाई दिँदादिँदै पनि उद्धार नभएको बताएका थिए ।

घटनास्थलमा एभिन्युज टेलिभिजनका अध्यक्ष भाष्करराज राजकर्णिकार पनि पुगेका थिए ।

# गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षलाई धरौटीमा छाड्न आदेश

टुडे समाचारदाता

लहान । सिरहाको औरही गाउँपालिकाका अध्यक्ष र पूर्ववडाध्यक्षलाई धरौटीमा रिहा गरिएको छ ।

जिल्लाको औरही गाउँपालिका-५ मा महायज्ञका नाममा दलितमाथि भएको ज्यादती घटनामा गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षलाई धरौटीमा रिहा गर्ने आदेश दिइएको छ । सिरहा जिल्ला अदालतले जनही एक लाख रुपैयाँ धरौटी लिएर उनीहरूलाई छाड्ने आदेश दिएको छ ।

न्यायाधीश विदुर काफ्लेको इजलासले शुक्रबार प्रहरी हिरासतमा रहेका गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवसँग जनही एक लाख रुपैयाँ धरौटी लिने र थुनामुक्त गर्ने आदेश दिएको अदालतका शाखा अधिकृत समीर कुलुङले जनाए ।





उनीहरूसँगै बजरंजी बाबाविरुद्ध पनि जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर भएको थियो । बजरंजी बाबाको हकमा भने कानुनबमोजिम म्याद जारी हुने अधिकृत कुलुङले बताए ।

गत फागुन १० मा अछुत भन्दै महायज्ञस्थलमा रहेको दीपक मल्लिकको घर गाउँपालिकाको डोजर लगाएर भत्काएको थियो । औरही गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्ष चैत ९ मा पक्राउ परेका थिए ।

जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा ३ महिनादेखि ३ वर्षसम्म कैद र ५० हजारदेखि २ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

यता जातीय विभेद गरिएको घटनाको अनुसन्धान सकी प्रहरीले सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको छ । जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी मुद्दामा छानबिन गर्दै प्रहरीले ६ दिनमै अनुसन्धान पूरा गरी बिहीबार प्रतिवेदन बुझाएको छ ।

जिल्ला न्यायाधिवक्ता राजेन्द्र बस्नेतका अनुसार अनुसन्धान प्रतिवेदन प्राप्त भइसकेको छ, र अहिले त्यसको अध्ययन भइरहेको छ ।

अध्ययनपछि अदालतमा अभियोगपत्र दायर गरिने उनले बताए ।

गत चैत ९ गते साँझ गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादव जातीय विभेदसम्बन्धी घटनामा पक्राउ परेका थिए ।

त्यसपछि चैत १० गते प्रहरीले उनीहरूसँगै बजरङ्गी बाबाविरुद्ध पीडितबाट जाहेरी लिएको थियो ।

# खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन

टुडे समाचारदाता

रौतहट । रौतहटको ईशनाथ नगरपालिका वडा नं ३ मा हालै सम्पन्न निर्वाचनबाट खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको नयाँ कार्यसमिति चयन भएको छ । स्थानीय स्तरमा खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापनका लागि गठित उपभोक्ता समितिको निर्वाचन निर्वाचन समितिका संयोजक इशराजुल खान को नेतृत्वमा सम्पन्न भएको हो। उक्त निर्वाचनमा स्थानीय जनताको उत्साहजनक सहभागिता रहेको थियो ।



निर्वाचन परिणामअनुसार तीन वर्षका लागि चयन गरिएको नयाँ कार्यसमितिको नेतृत्वमा विभिन्न अनुभवी र सक्रिय व्यक्तिहरू रहेका छन्। किशोरी यादव अध्यक्ष पदमा निर्वाचित भएका छन् भने नागेन्द्र साह उपाध्यक्षमा चयन भएका छन्। सचिवमा नागेन्द्र साह कानु र सहसचिवमा लक्ष्मीनारायण साह चयन भएका छन्। कोषाध्यक्षमा प्रेम देवी निर्वाचित भएकी छन् ।

समितिका अन्य सदस्यहरूमा महमद जमालुदिन र रामविनय झा रहेका छन्। महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न उर्मिला देवी महिला सदस्यमा निर्वाचित भएकी छन् भने दलित समुदायबाट कोशिला देवी दलित महिला सदस्यमा चयन भएकी छन् ।

निर्वाचन कार्यक्रम भव्य रूपमा सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथिका रूपमा पूर्व गाविस अध्यक्ष महेन्द्र ठाकुर ले उपस्थिति जनाएका थिए । उनले नयाँ कार्यसमितिलाई बधाई दिँदै खानेपानी तथा सरसफाइ सेवाको प्रभावकारी व्यवस्थापनमा सफलताको कामना गरेका थिए । विशिष्ट अतिथिका रूपमा उपस्थित ईशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवीले नवगठित कार्यसमितिले स्थानीय स्तरमा खानेपानी र सरसफाइ सेवामा सुधार ल्याउने विश्वास व्यक्त गरिन् । उनले स्थानीय जनताको स्वास्थ्य र स्वच्छताको विषयमा समितिको भूमिका महत्वपूर्ण हुने बताइन् ।

सो कार्यक्रममा ईशनाथ नगरपालिकाका पूर्व नगर प्रमुख सन्तोष मेहताले पनि नवगठित समितिलाई बधाई दिए। वडा नं २ का वडा अध्यक्ष धर्मेन्द्र साह, वडा नं ३ का वडा अध्यक्ष रामचन्द्र पटेल, पूर्व वडा अध्यक्ष कौलास पटेल, समाजसेवी सियाराम सिन्हा, रामानन्द सिन्हा, चन्देश्वर साह लगायतका व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा बोल्ने वक्ताहरूले खानेपानी तथा सरसफाइ सेवा स्थानीय जनताको आधारभूत आवश्यकता भएकाले समितिले प्रभावकारी योजना र कार्यान्वयनका माध्यमबाट जनताको अपेक्षा पूरा गर्नुपर्नेमा जोड दिए । प्रमुख अतिथि महेन्द्र ठाकुरले खानेपानी र सरसफाइ सेवाको सुदृढ व्यवस्थापनका लागि स्थानीय तह र समुदायबीच सहकार्य आवश्यक रहेको बताए ।

ईशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवीले नगरपालिका स्तरमा खानेपानी र सरसफाइ सेवामा देखिएका समस्या समाधानका लागि नवगठित समिति र नगरपालिकाबीच सहकार्य हुने आश्वासन दिइन् । उनले नगरपालिकाले खानेपानीका नयाँ स्रोत पहिचान, वितरण प्रणालीको सुधार र सरसफाइका मापदण्डमा विशेष ध्यान दिने प्रतिवद्धता व्यक्त गरिन् ।

कार्यक्रममा सहभागी स्थानीय बासिन्दाहरूले पनि नयाँ कार्यसमितिप्रति विश्वास व्यक्त गरेका छन्। स्थानीय बासिन्दाहरूले खानेपानी आपूर्तिको नियमितता, शुद्धता र पहुँचका विषयमा कार्यसमितिले तत्काल पहल गर्नुपर्ने माग गरेका छन्। सरसफाइका क्षेत्रमा पनि नियमित फोहर व्यवस्थापन, ढल निकास र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा स्थानीयको जोड थियो ।

नवगठित कार्यसमितिका अध्यक्ष किशोरी यादवले निर्वाचित भएपछि संक्षिप्त मन्तव्य दिँदै समितिले खानेपानी आपूर्ति व्यवस्थामा देखिएका समस्याको समाधान र सरसफाइ सेवाको सुधारमा प्राथमिकता दिने बताए। उनले स्थानीय जनताको सक्रिय सहभागिता र सहकार्यका आधारमा समिति अघि बढ्ने प्रतिबद्धता जनाए। सचिव नागेन्द्र साह कानुले पनि समितिको योजना र कार्यक्रमलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न समिति कटिबद्ध रहने बताए ।

**उक्त रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ्य र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

स्वस्थ र दीर्घ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८